महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

मालिका गाउँपालिका
गुल्मी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः ६३

मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मालिका गाउँपालिका, गुल्मी

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

.....
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

बोधार्थः

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र गाउँपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८/७९
च.नं. ६३

मितिः२०७८।५।४

श्री अध्यक्ष्यज्यू,
मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,गुल्मी ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले मालिका गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.२ करोड ४९ लाख ७२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२३ लाख ६७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ४२ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु.८० लाख ७४ हजार र पेश्की बाँकी रु.२ लाख ८० हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्छ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना उन्नानचालिस (३९) यसै साथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

मालिका गाउँपालिका
लेखापरीक्षण प्रतिबेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मालिका गाउपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ९२.४९ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार ७२९ जनसंख्या रहेको छ ।

स्थानिय सञ्चितकोष : आर्थिक वर्ष २०७६।७७ स्थानिय सञ्चित कोष आय व्यय हिसाबको संश्रिप्त अवस्था निम्न बमोजि रहेकोछ ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**	00	34007604.00	१	**चालु खर्च**	250922108.00	250922108.00
	क) नगद	00	00	२	**पूँजीगत खर्च**	126149147.00	126149147.00
	ख) बैंक	30103973.00	00	३	**वित्तिय व्यवस्था भुक्तानी**		00
	धरौटी मौज्दात	3903631.00	00		क) ऋण भुक्तानी		00
	कल्याणकारी कोष मौज्दात	00	00		ख) ब्याज भुक्तानी		00
२	**राजस्व (आन्तरिक आय)**	00	59976994.00		ग) अन्य भुक्तानी		00
	क) आन्तरिक राजस्व कोभिड समेत	9440566.00	00	४	**लगानी**		00
	ख) राजस्व बाँडफाँड संघ	46911628.00	00		ऋण लगानी		00
	ग) राजस्व बाँडफाँड प्रदेश	3624800.00	00		शेयर लगानी		00
३	**वित्तिय हस्तान्तरण संघ**	00	294681000.00		अन्य लगानी		00
	क) वित्तिय समानीकरण अनुदान	89100000.00	00	५	**धरौटी फिर्ता**	1095100.00	1095100.00
	ख) सशर्त अनुदान	196281000.00	00	६	**जनश्रमदान फिर्ता**		00
	ग) समपूरक अनुदान	1300000.00	00	७	**कोष फिर्ता**		00
	घ) विशेष अनुदान	8000000.00	00	८	**मौज्दात**		12242941.00
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	00	36341000.00		क) बैंक मौज्दात	12242941.00	00
	क) वित्तिय समानीकरण अनुदान	4141000.00	00		ख) नगद मौज्दात		00
	ख) सशर्त अनुदान	9000000.00	00	९	**शसर्त अनुदान फिर्ता**		36840372.00
	ग) समपुरक अनुदान	15000000.00	00		क) संघिय अनुदान	20314909.00	00
	घ) विशेष अनुदान	8200000.00	00		ख) प्रदेश अनुदान	13166863.00	00
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	00	00		ग) सामाजिक सुरक्षा	3358600.00	00
६	**अन्य**	00	00		घ) संघिय समपुरक		00
	क) क्षेत्रीय शहरी विकास योजना	00	00		ङ) संघिय समपुरक		00
	ख) सडक बोर्ड नेपाल	00	00	१०	**गत बर्षको बढी अल्या**		00
	ग) पर्यटन बोर्ड नेपाल	00	00	११	**जनश्रमदान मौज्दात**		00
	घ) एन एन एस डब्लु ए	00	00	१२	**धरौटी मौज्दात**	4216153.00	4216153.00
७	**विभिन्न कोषतर्फको आय कोभिड कृषि**	4540000.00	4540000.00	१३	**कोष खाताको मौज्दात**		00
८	**विपद् व्यवस्थापन कोष**	00	00		क) विपद् व्यवस्थापन कोष	3185603.00	3185603.00
९	**विषयगत निकायबाट प्राप्त**	00	00	१४	**अन्य व्यय**	00	85352796.00
१०	**धरौटी आय**	1407622.00	1407622.00		क) गरिबसंग विशेश्वर	290000.00	00
११	**लगानीको साँवा फिर्ता**	00	00		ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग	1207000.00	00
१२	**अन्य विविध आय**	00	93590000.00		ग) स्थानिय पूर्वाधार बिकास साझेदारी कार्यक्रम	7898396.00	00
	क) गरिबसंग विशेश्वर	290000.00	00		घ) दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा	75947400.00	00
	ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग	1207000.00	00		ङ) राष्टपति महिला उत्थान कार्यक्रम	10000.00	00
	ग) स्थानिय पूर्वाधार बिकास साझेदारी कार्यक्रम	10000000.00	00	१५	**विभिन्न कोषत कोभिड कृषि खर्च**	4540000.00	4540000.00
	घ) दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा	80810000.00	00				00
	ङ) राष्टपति महिला उत्थान कार्यक्रम	10000.00	00				00
	घ) कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बढी निकासा	1273000.00	00				00
	जम्मा		**524544220**		**जम्मा**		**524544220**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	वित्तीय विवरण विश्लेषण	
1.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात को हिसाव मिलान गरेको छैन। • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरि लेखापरीक्षणमा पेश भएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
2.	**बैक हिसाव मिलान नगरेको :** स्थानीय तह सरकार संचालन ऐन, को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोवारकव लेखा महालेखा नियन्त्रक कार्यालयकव सीफारिशमा महालेखा परिक्षकबाट स्वीकृत भएको ढाचामा राख्नु पर्ने उल्लेख छ । सो बमोजमि मासकि रुपमा स्रेस्ता र बैक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले संचालन गरेको खाताको बैकहिसा मिलान विवरण तयार गरेको छैन । आर्थिक विवरण बमोजिम मौज्दात रु.१९६४४६९७।०० उल्लेख छ । अतः पालिकाले वैक हिसाव मिलान विवरण तयार गरिनु पर्दछ ।	
3.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • स्थानियकोष को संचालन, व्यवस्थापन र प्रतिवेदनमा एकरुपता र सुद्धता कायम गर्न महालेखा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) को व्यवस्थित तरिकाले प्रयोग गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन । • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.२४९८४५८८/ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
4.	**बैक नगदि किताव र बजेटसिट नराखेकोः** पालिकाले कुनै पनि आर्थिक कारोवार गर्दा गोश्वरा भौचर उठाइ सो भौचर अनुसार बैंकनगदि किताव र बजेटसीट राख्नु पर्दछ तर पालिकाले कोष लेखा नियन्त्रक कार्यालयको भुक्तानी आदेश मार्फत खर्च लेखिन बजेट उपशीर्षकहरु राष्ट्रिय परिचयपत्र तथा पंजिकरण, ३१४०१०११३ र ३१४०१०११४, गरिव संग विशेश्वर कार्यक्रम ३३६००१०२३, स्थानीय पूर्वाधार विकास साझेदानरी कार्यम्रम ३६५००१०४३, सामाजिक सुरक्षा तथा संरक्षण ३१४०१०१२३ को गोश्वरा भौचर सम्म उठाउने गरेको सोको बैंक नगदिकिताव र बजेटसिट राख्ने गरेको छैन । अत : पालिकाले कुनैपनि आर्थिक कारोवार गर्दा गोश्वरा भौचर उठाइ सो अनुसार बैंक नगदि किताव र बजेटसिट राख्नु पर्दछ ।	
5.	**सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम	
6.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री देवा रिजाल अर्याल ले मिति २०७६।३।१० गते रु.३७ करोड रु.२२ लाख रु.२१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	प्रमुखले २०७६/३/२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ	
7.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.३ करोड रु १८ लाख रु.६१ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको पुजीगततर्फ रु.३१८६१०००/- खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
8.	**बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
9.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
10.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
	चालु र पूँजिगतर्फ	३७७८१९	९३९६०	१४०९३९	१४२९२०	
	प्रतिशत		२४.८७	३७०३१	३७.८३	

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३७७८१९ निकासा भएकोमा प्रथम चौमासिकमा रु.९३९६० अर्थात २४.८७ प्रतिशत, दोश्रो चौमासिकमा रु.१४०९३९ अर्थात ३७.३१ प्रतिशत र तेश्रो चौमासिकमा रु.१४२९२० अर्थात ३७.८३प्रतिशत खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

11. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	४०२८००००	२६३६६०४३	६.९३
२	पूर्वाधार विकास	१२९८४३०००	६७८४७०६१	१७.८४
३	सामाजिक विकास	३१६३२०३७०	२००९५७२७६	५२.८४
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१२६१६३०	८५३६९०	०.२२
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८८७४२०००	८४२६०८६४	२२.१६
	जम्मा	**५७६४४७०००**	**३८०२८४९३४**	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५२.८४ प्रतिशत र वातावरण तथा विकासमा बजेट व्यवस्था तथा खर्च भएको पाईएन।

12. **खर्च बिश्लेषणः** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.९४४०५६६/- राजश्व वाडफाड र अनुदानबाट रु.३८१५५८४२८/- समेत रु.३९०९९८९९४/-आम्दानी भएकोमा चालु तर्फ रु.२५,०९,२२,१०८/- र पूजिगत तर्फ रु.१२,६१,४९,१४७/- समेत रु.३७,७०,७१,२५५/- खर्च भएको छ ।खर्च मध्ये आन्तरिक आयकव हिस्सा २.४८ प्रतिशत रहेको छ।यस वर्ष पदाधिकारीमा रु.८०१६४००/- खर्च भएको छ जुन आन्तरिक आयकव ८४.९१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त सवै अनुदान र राजश्व वाँडफाडको रकमबाट ६६.५४ प्रतिशत चालु र ३३.४५ प्रतिशत मात्र पूजिगत निर्माण खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण कार्यक्रम सांलनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा वढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व वाडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनु पर्दछ ।

13. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	२५५				

संगठन तथा कर्मचारी ब्यवस्थापन

14. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

15. **कर्मचारी करार** : त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु.१५६०००० भुक्तानी गरेको छ ।	
16.	**कर्मचारी प्रोत्साहन भत्ता-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई २०७७/३/१०को गाउसभाको निर्णय अनुसार यो बर्ष ११ जना कर्मचारी हरुलाई रु.२७५३६३/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	२७५३६३
17.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ	
18.	**वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । **वडा संख्या** | **वड सचिवको दरबन्दी** | **वडा सचिवको पदपूर्ति** | **रिक्त वडा सचिव** ८ | ८ | ४ | ४	
19.	**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	०
पञ्जिकरणतर्फ	**१२७५**
जन्मदर्ता	७७०
मृत्युदर्ता	१६७
बसाईसराई दर्ता	९८
विवाह दर्ता	२३८
सम्बन्धविच्छेद दर्ता	२
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

ग्राभेल सडक निर्माण	१५०० मि
ग्राभेल सडक मर्मत	०

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

20. **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
६६	४२	४६	२१	४५	२२०

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष २२० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

21. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ५ वटा नियमावली, २२ कार्यविधि लगायत ३७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३७ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

22. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकीको बिबरण पेश भएन । साथै यो बर्ष थप भएको ८ गरी कुल ८ विवाद दर्ता भएकोमा ८ वटा फछ्र्यौट भएको छ

पदाधिकारी सुविधा

23. **पदाधिकारी पारीश्रमिक** - लुम्विनि प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ।जसअनुसार लुम्विनि प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.१४३४०००/-खर्च लेखेको देखिन्छ ।

विवरण	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष ८ जना	कार्यापालिका सदस्य ६जना	गा.पा सभा सदस्य २८	जम्मा

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

२०७६ असोज-श्रावण	९००००	८१०००	४८००००	२१६०००	५६७०००	१४३४०००

24. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्विनि प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ६५८२४०० सुविधा वापत भुक्तानी भएको छ ।

सि.नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्षद्जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २८जना	जम्मा
१	बैठक भत्ता	२८६००	२८६००	४४४८००	३३३६००	८४००००	१६७५६०००
२	यातायात खर्च		१०८०००	७२००००	३२४०००	७५६०००	१९०८०००
३	टेलिफोन,मोबाइल	२८५००	२१५००	१४४०००	९१८००	७५६०००	१०४१८००
४	पुस्तक,पत्रीका,ईन्टरनेट	३६०००	३६०००	२१६०००	१६२०००	५०४०००	९५४०००
५	समन्वय तथा सहजीकरण						
६	अतिथि सत्कार	५४०००	४५०००	२८८०००			३८७०००
७	खानेपानी/बिजुली/सरसफाई	४५०००	४५०००	१४४०००			२३४०००
८	चाडपर्व खर्च	१५०००	१५०००	९६०००	६००००	१९६०००	३८२०००
	जम्मा	**२०७१००**	**२९९१००**	**२३५१९००**	**९७१४००**	**३०५२०००**	**६५८२४००**

25. **निबृत्तभरणलाइ सुबिधा भुक्तानीः** स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धित कानूनमा संसोधन गर्न बनेको विधेयक २०७६ को दफा नं.३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचीत भई काम कारवाही शुरु गरेको र मासिक सुविधा र पारिश्रमिक नलिएको पदाधिकारी वा सदस्यले सो सुविधा नलिएको मिति देखि स्थानीयतहको आन्तरिक श्रोत समेतको आधारमा यस ऐनमा उल्लेख भएको सुविधा पाउने छ भन्ने उल्लेख भए अनुसार पालिकाबाट प्राप्त बिबरण अनुसार देहायमा उल्लेखित निवृत्तभरण पाइरहेका ३ जनाले २०७४ श्रावणदेखि २०७७ आषाढसम्म ३६ महिनाको भुक्तानी लिएको देखिन्छ । २०७४ श्रावणदेखि २०७६ असौजसम्म मासिक लिएको निबृत्तिभरण रकम कट्टा गरी बाँकी रकम र २०७६ कार्तिकदेखि २०७७ आषाढसम्म निबृत्तिभरण रकम कट्टा नगरी देहाय बमोजिम ऐनमा दोहोरो सुविधा लिन पाउने वा नपाउने सम्बन्धमा स्पष्ट व्यवस्था भएको देखिएन ।

बिबरण	यातायात	पत्रिका	अथिति	जनसम्पर्क	खानेपानी	मर्मत	जम्मा	चाडपर्व	पेन्सन लिएको कट्टी	खुद भुक्तानी
वडा नं.५ वडा ध्यक्ष श्यमलाल गरी	१००००	३०००	४०००	६०००	२०००	२०००	९७२०००	१२०००	१७६७४२	८०७२५८
वडा नं.८ वडाध्यक्ष टिका बहादुर जि सि	१००००	३०००	४०००	६०००	२०००	२०००	९७२०००	१२०००	१५९४०८	८२४५९२
वडा नं.३ वडा सदस्य लाल ब.थापा २०७६ कार्तिक भन्दा अगाडी २७ महिनाको	३०००	२०००	००	३०००	००	००	२१६०००	००	००	२१६०००
वडा नं.३ वडा सदस्य लाल ब.थापा २०७६ कार्तिकदेखि आषाढसम्म ९ महिना	३०००	२०००	००	३०००	००	टेलिफोन मा रु २५००	९४५००	७०००	००	१०१५००
जम्मा										**१९४९३५०**

२५.१ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धित कानूनमा संसोधन र एकिकण गर्ने बनेको विधेयक २०७६ मा पदाधिकारीको सुविधा सम्बन्धमा उल्लेख गरिएका शिर्षकहरु मध्ये २०७७/३/२४ को प्रदेश राजपत्रमा सूचना प्रकासन गरी वडा अध्यक्षहरुलाई तोकिएको सुविधाहरुमध्ये खानेपानी तथा सरसफाई सुविधा वापत प्रति महिना रु.२०००/- र मर्मत सम्भार विद्युत उर्जा खर्च मासिक रु.२०००/- हटाइएकोमा पालिकाबाट प्राप्त बिबरण अनुसार पालिकाले निबृत्तिभरण पाउने वडाध्यक्ष टिका

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	बहादुर जि सि लाइ ३६ महिनाको रु १४४०००।०० उल्लेखित शिर्षकहरुमा भुक्तानी दिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु	१४४०००
26.	**विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.१९२५१०६/- खर्च गरेको छ ।	
27.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.१३००,०००/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ	
	अनुदान फिर्ता, वितरण र उपयोग	
28.	**अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु.३८७९३१७४/- मध्ये ०७७/०७८ को भाद्र महिनामा रु.३२२०८७७२/- फिर्ता भई बाँकि रहेको रकम फिर्ता गर्नुपर्ने रु.	३२२५८०२

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१९,६२,८१,०००/-	१८,०३,९५,८६६/-	१५८८५१३४/-
	विषेश	८००,००,००/-	१६,१७,२७७/-	६३,८२,७२३/-
	समपुरक			
	सामाजिक सुरक्षा	८०८,१०,०००/-	७७४५१४००/-	३३५८६००/-
प्रदेश सरकार	शसर्त	९०००००००/-	६६२९५७३/-	२३७०४२७/-
	विषेश	८२००००००/-	६६१५२७३/-	१५८४७२७/-
	समपुरक	१५००००००/-	५७८८४३७/-	९२११५६३/-
	जम्मा	**३१८५९१०००/-**	**२७९७९७८२६/-**	**३८७९३१७४/-**
	फिर्ता			**३५५६७३७२/-**
	बाँकी			**३२२५८०२/-**

29.	**नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका २ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. १५२५०००/-अनुदान उपलब्ध गराएको छन।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	

सि.नं.	अनुदान पाउने संस्थाको नाम	अनुदान रकम
१	रानीपोखरी बहुउद्देश्य सहकारी	७००००००/-
२	रानीपोखरी बहुउद्देश्य सहकारी	२५००००/-
३	रानीपोखरी बहुउद्देश्य सहकारी	३२५०००/-
४	सिमलटारी आँखा उपचार केन्द्र	२५००००/-
	जम्मा	**१५२५०००/-**

30.	**ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ । (रु.हजारमा)

कुल निर्माण खर्च	सोझै खरिद		सिलबन्दि दरभाउपत्र		बोलपत्र		तेस्रो चौमासिकमा व्यवस्था भएको	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
४९५७४	२६	१०८७६	०	०	२१	३८६९८	२३	२३६१०

31. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२६१४९१४७/-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

32. **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारी साधन खरिदमा रु४९९८००/- गता १ थान चार पांग्रे सवारी साधन खरिदमा रु ५५९००००बजेटबाट खर्च गरेको छ ।

सि.नं	सवारी साधन	संख्या	रकम
१	मोटरसाइकल	२	४९९८००
२	स्कारपियो	१	५५९००००
	जम्मा	**३**	**६०८९८००**

कर दस्तुर एवं आन्तरिक आय

33. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२१००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.२१७१३२०अर्थात अनुमान भन्दा १०३.४० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

34. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२,८३०,००,२८५	७३,०४,१२८	२.५८

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
35.	**स्थानीय तहरूको विभाज्य कोष-** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।	
36.	**गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा१(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।	
37.	**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
38.	**राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ।साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।कार्यालय अन्तर्गत ८ वटा वडा र पालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन।यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
	आयकर एवं मू.अ.कर	
39.	**मूल्य अभिवृद्धि कर कट्टी** -मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (ग) अनुसार ठेक्का वा करार अन्तर्गत भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.१३९५-४२०/-कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । अतः मु.अ.कर समायोजन पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.	५६९४९४

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	विजक नं	भुक्तानी रकम	मुअकर कर रकम	५० प्रतिशत रकम
९-०७६/८/१२	जेपी एण्ड कन्ट्रक्सन	६०३३००९४५		४९३४५२	५६७६८	२८३८४
१०-०७६/८/१३	जेपी एण्ड कन्ट्रक्सन	६०३३००९४५		१३१६८२	१५१४९	७५७४
१३-०७६/१०/२८	जेपी एण्ड कन्ट्रक्सन	६०३३००९४५	५३	४९८३३	५७३३	२८६६
१४-०७६/१०/२८	जेपी एण्ड कन्ट्रक्सन	६०३३००९४५	५२	९९१९१	११४११	५७०७
१९-०७६/११/२१	जेपी एण्ड कन्ट्रक्सन	६०३३००९४५	५७	३९८९८०	४५९००	२२९५०
२५-०७६/१२/५	जेपी एण्ड कन्ट्रक्सन	६०३३००९४५	५९	४६३९८४	५३३७८	२६६८९
१५२-०७७/३/३०	जेपी एण्ड कन्ट्रक्सन	६०३३००९४५	७३	३१३८२३	३६१०३	१८०५१
२१८-०७७/३/३१	हनुमान हर्डवेयर		१७	९९९१४	११४९४	५७४७
११-०७६/९/१२	लुम्बिनि फोम एण्ड फर्निसिङ			२६६७३६	३०६८०	१५३४०
५३-०७७/२/२६	जे.पी . एण्ड कन्ट्रक्सन			२०१९४७	२३२३२	११६१६
११०-०७७/३/२२	जे.पी . एण्ड कन्ट्रक्सन			१३७७५३	१५८५०	७९२५
२६१-०७७/३/३१	जे.पी . एण्ड कन्ट्रक्सन			१७११४०	१९६८८	९८४४
२१६-०७७/३/३१	जे.पी . एण्ड कन्ट्रक्सन			२०५५५३	२३५३२	११७६६
२१५-०७७/३/३१	जे.पी . एण्ड कन्ट्रक्सन			४९७४५७	५७२२९	२८६१४
२६-०७६/१२/९	मुलाम स्टिल इण्ड्रस्टिज प्रा.लि			६३७०९६१	७३२८४२	३६६४२१
	जम्मा					**५६९४९४**

उपभोक्ता समिति मार्फत कार्य

40. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नमर्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

41. **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

42. **हेभी इक्विपमेण्टको प्रयोग–** सार्वजनिक खरिद नियमावली,२०६४को नियम९७(९) मा उपभोक्ता समिती वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा रोलर, एक्साभेटर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्यूटर, विटुमिन व्याइलर जस्ता हेभि मेशिन प्रयोग गर्न नपाईने, तर लागत अनुमान तयार गर्दको समयमा हेभी मेशिन पर्योग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको र सम्बन्धित प्राविधिको सीफारिसमा

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

सार्वजनिक निकायबाट सहभती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ। गाउपालिका द्वारा उपभोक्ता समिति मार्फत सडक निर्माण तथा मर्मत सुधार सम्बन्धि काममा तपसिल अनुसार देखिन आएको छ ।

(क) लेखापरीक्षणका समयमा पेश भएका ड्राइङ,डिजाइन, लागत अनुमान तथा सम्झौतामा हेभि मेशिन पर्योग गर्नु पर्ने जटिल प्रकृतिको कार्य हो भनि खुल्ने आधार/प्रमाण नपाइनुका साथै सम्बन्धित प्राविधिक वाट त्यस सम्बन्धि सीफारिश भएको देखिएन ।

(ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्रही समुदायलाई कार्य गराउनको लागी पुर्वशर्तको रुपमा राखेको दिगोपनाको अभिवृद्धिल विकास कार्यक्रमको बातावरण संगको अन्तरसम्बन्ध तथा निर्मित संरचनाको स्थायित्वलाई समावेश गर्ने सैद्धान्तिक परिवेशमा उपरोक्त अनुसार भारी उपकरण प्रयोगको अनुपाल बढ्दै जादा समग्र प्रकृतिक वातावरण क्षति हुने जोखिम देखिन आउछ । अर्को तर्फ सोहि दफाले परिकल्पना गरेको रोजगारी श्रृजना सम्बन्धि अवधारणा पनि संकट परेको देखियो ।

(ग) सार्वजनिक खरिद नियमावली, ०२६४ को नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुने निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकने छैन भनि स्पष्ट उल्लेख छ।त्यस्तै नियम ९७ (१३क) मा उपभोक्ता समिति वा लाभग्रही समुदायले प्राप्त गरेको कुनै कममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै कामगर्न नदिने अभलेख राखी सो काम गर्ने निर्माण व्यावसायिलाई कालो सूचीमा राख्न सार्वजनिक रखिद अनुगमन कार्यालयमा सिफारीस गर्नु पर्ने स्पष्ट व्यवस्था छ । पालिकामा उपभोक्ता समितिले भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको विल भर्पाइ तथा निर्णय अनुसार अधिकांश सडकहरु हेभि मेशिन पर्योग गर्ने कार्य लागन अनुमान तयार गरेको र उपभोक्ता समितिले निर्माण व्यावासयी मार्फत काम गराएको देखियो ।उपभोक्ता समितिले स्थानीय श्रोत साधन र श्रम उपयोग नगरी निर्माण व्यावसयीबाट काम गराउदा परोक्ष्य रुपमा ठेक्कापट्टा भएको स्थिति छ।यसमा नियन्त्रण हुनुपर्छ ।उपभोक्ता समितिले निर्माण कार्यको सम्झौता गरी निम्न निर्माण व्यवसायीबाट काम गराएको छ ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	निर्माण व्यावसयिको नाम	विल रकम
१६-०७६/११/११	साइरे पोखरा बोम आरुधारा नेटा मोटरबाटो उ.स	१४३११९२	जे.पी एण्ड कन्स्ट्रक्सन	१५९३३००
१८-०७६/८/१२	पल्लेनीधरमपानी जैरे पानी मोटर बाटो उ.स	९५९२९२	जे.पी एण्ड कन्स्ट्रक्सन	१०७१२४०
२७-०७६/१२/१०	विचोर शीरुखर्क रातापोखरा मो.वा.उ.स	९५३०७९	सुर्योदय कन्ष्ट्रक्सन प्रा.लि	१०५५५२०
२८-०७६/१२/१०	आरुपाटा मो.वा.उ.स	३८४०००	जे.पि एण्ड कन्स्ट्रक्सन	४२९४००
३८-०७७/२/१३	फसोबोट अर्चेङ मो.वा	३७६७५२	ननस्टप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	४२३७५०
६५-०७७/२/३०	चाम्रै पलेले मो.वा.उ.स	५७२५७९	सुर्योदय कन्स्ट्रकस्सन	६०५६८०
७८-०७७/३/१२	दिर्घ काउले मैदान मोटर बाटो उ.स	९५३१४९	जे.पी एण्ड कन्स्ट्रक्सन	१०६१०७०
८२-०७७/३/१४	चौतारा व्यनोरे घाट मो.वा.उ.स	४८००००	सुर्योदय कन्स्ट्रक्सन	५३५६२०

43. <u>बढि भुक्तानी</u>

- २२०-०७७/३/३१ श्रृजना लक्ष्मी प्लाष्टिक एण्ड विल्डिङ मेटेरियल सप्लायर्सलाई मू.अ.कर विजक नं.१७३९ मिति २०७६/३/३१ को रु.४२४२२६/६० मा अग्रिम कर रु.५७८०/- कट्टा गरी रु.४१८५१८/६० मात्र भुक्तानी गर्नुपर्नेमा रु.४२६२९२/- भुक्तानी दिएको ले वढी भुक्तानी दिएको रु.७७७३/४० असूल गर्नुपर्ने रु. — ७७७३
- ११५-०७७/३/२३ मुडली कन्स्ट्रक्सनलाई मू.अ.कर विजक नं ८-०७७/३/३१ को रु.४३२६९०/- को विजक भन्दा रु.८०८/ बढी हुने गरी रु. ४३३४९८/- खर्च लेखेकोले बढी खर्च लेखोक रकम असूल गर्नुपर्ने रु. — ८०८
- २६-०७६/१२/९ हुलास स्टिल इणंडष्ट्रिज लि.लाई मू.अ.कर विजक रु.६३७००५७/- को

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	विजक भन्दा वढीहुने गरी रु.६३७०९६१/- खर्च लेखेकोले बढी खर्च लेखेको रकम असूल गर्नुपर्ने रु.	९०४

44. <u>प्राविधिक मूल्याङ्कन बढी भएको</u>

(क)गो.भौ.नं. ९४-०७७/३/१९ भकारो सुधार योजना उ.स ह्राङ्दि गुल्मी संग १२० वटा भकारो सुधार गर्न लागत अनुमान रु.१६६४५३१ मा जनश्रमदान रु.१७६५३१/- पालिका बाट रु.१४८८०००/- व्यहोर्ने गरी मिति २०७६/८/२२ मा सम्झौता भएको र सो कार्यको प्राविधिक मूल्याङ्कन रु.१६७२४५८ गरी सम्झौता अनुसारको रु.१४८८०००/- भुक्तानी दिएको विल भर्पाइ परीक्षण गर्दा उपभोक्ताले रेसुङ्गा सप्लायर्सको कर विजक नं. २३५ मिति ०७७/१/७ को बिजकबाट सिमेन्ट ४९० बोरा मात्र खरिद गरेको छ उक्त खरिद सिमेन्टले नर्मस अनुसार पी.सी.सी गर्ने १:३:६ को कार्य प्रति घ.मी ०.२२ मे.ट लाग्ने हिसावले १११.३६ घनमिटरमात्र कार्य हुने देखिन्छ तर प्राविधिक मूल्याङ्कनमा १४४ घ.मी.उल्लेख भएकोले खरिद सिमेन्टको परिमाणले सम्पन्न हुने कार्य भन्दा बढी प्राविधिक मूल्याङ्कन गर्ने प्राविधिक लाई जिम्मेवार बनाई बढि निर्माण कार्य गरेको ३२.६४ घ.मि को सम्झौता दर प्रति घ.मि रु.१०९५८/६६ ले हुने रु.३५७६९०/६६ मा अनुपातिक हिसावले असुल हुनुपर्छ रु. ३१९७५५

(ख). गो.भौ.न २३१-०७७/३/३१ जमल पोखरी मा.वि.वाल निर्माण उ.स संग वाल निर्माण कार्यको लागी लागत अनुमान रु.८६९९२८/- को काममा श्रमदान रु.१०१९२८/- र कार्यालयबाट रु.७६८०००/- ब्यहोर्ने गरी मिति २०७७/२/३० मा सम्झौता भएको र उक्त वाल निर्माण कार्यको प्राविधिक मूल्याङकन गरी सम्पन्न कार्यको रु.१०६६९६१/- मा कार्यालयबाट रु.७६८००० खर्च लेखेको विल भर्पाइ परीक्षण गर्दा उपभोक्ताले १२० बोरा मात्र सिमेन्ट खरिद गरिएको विल संलग्न गरेको छ । तर प्राविधिक मूल्याङकन अनुसार सिमेन्ट प्रयोग हुने निम्न कार्य गरेको छ । उक्त कार्य गर्न नर्मस अनुसार २३०.२८ बोरा लाग्ने १२० बोरा मात्र खरिद को विल संलग्न गरिएको हुँदा खरिद परिमाण भन्दा बढी को प्राविधिक मूल्याङ्कन गर्ने प्राविधिकलाई जिम्मेवार बनाई अनुपातिक हिसाले असुल हुनपर्छ रु. ४५७०९१

कामको विवरण	भएको परिमाण	नर्मस अनुसार लाग्ने सिमेन्ट	खरिद सिमेन्ट ले हुन सक्ने परिमाण	वढि परिमाण	दर	रकम
आर.सि.सि.१:३:६ को कार्य	७.११घ.मी.	३१.२८ बोरा	७.११			
स्टोन मेशिनरी :६ को कार्य	९४.३३	१९९ बोरा	४२.०५	५२.२८	९९०३/५३	५१७७५६

45. **सम्झौता परिमाण भन्दा बढि काम गराएको :** सम्झौता अनुसार निर्माण कार्य हुनपर्दछ सम्झौताको आइटममा सम्झौता बमोजिमको न्युन प्रतिशत मात्र कार्य भएको अवस्थामा एउटै आइटममा अल्याधिक मात्रामा सम्झौता परिमाण भन्दा बढी काम भएको अवस्थामा प्राविधिक पुष्ट्याइ तथा कारण उल्लेख नगरी भुक्तानी गरेको छ । अत्यधिक मात्रामा सम्झौता तथा लागत अनुमान परिमाण भन्दा बढी कार्य हुन गएकोले लागत वास्तविक आधारमा तयार भएको छ भन्न सकिने अवस्था छैन अत यस सम्बन्धमा छानविन गरी वास्तविकता यकिन हुनुपर्ने देखिएको रु. १६३३५३५

ठे.न	निर्माण व्यवासायि को नाम	मू.अ.कर समेत सम्झौता रकम	मू.अ.कर समेत भुक्तानी रकम	बढी कार्य भएको	सम्झौता परिमाण	काम भएको परिमाण	वढि काम	दर	मू.अ.कर समेत रकम	प्रतिशत शम्झौताको तुलनामा
७-०७६/७७	जोगमा विल्डर्स	५६७३६२९	४२३०४०२	सवै प्रकारको कार्य	१६३८.८३ घ.मी	४९१९.२६ घ.मी	३२८०.४३	३००	१११२०६६	१९.६
९-०७६/७७	श्रेष्ठ कन्स्ट्रक्सन	६३२३०७४	१८१४९४६	ड्रेन कार्य	१७१६.०३घ.मी	६३३०.८०	४६१४.७७	१००	५२१४६९	८.२५
								जम्मा	१६३३५३५	

46. <u>लागत अनुमान अनुसार कार्य नभएको</u>

(क) १६-०७६/११/११ सइटेपोखरा वोम आघाटरा नेटा मोटरवाटो उ.स संग लागत अनुमान

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	रु.१६००००००/ मा जनसहभागिता रु.१६००००/-र पालिकाबाट रु.१४४००००/- व्यहोर्ने गरी ५०० मिटर मोटर बाटो खन्ने कार्यको मिति २०७६/९/१३ मा सम्झौता मै कार्य भएको प्राविधिक मूल्याङ्कन र नापी किताव अनुसार रु.१५९११९१/-को निर्माण कार्य सम्पन्न भै उपभोक्ता समितिलाई रु.१४३११९२/- खर्च लेखेको छ । जसमा निम्न वमोजिम देखिएको छ । (अ) लागत अनुमान तयार गर्दा ५०० मिटर लम्वाई चौडाई ४ मिटरको मोटर बाटो खन्नेगरि तयार भएकोमा २५८ मिटर लम्वाई को मात्र मोटर बाटो निर्माण भएको प्राविधिक मूल्याङकन बाट देखिएको छ । लागत अनुमानमा भन्दा आधा मात्र बाटो निर्माण भएको पाईयो । (आ) लागत अनुमानमा समावेश नभएको निम्न आइटमहरुको कार्य भएको प्राविधिक मूल्याङ्कन बाट देखिन्छ । लागत अनुमानमा नभएको आइटम गर्नु परेका कारण र पुष्ट्याइ वेगर प्राविधिक मूल्याङ्कन तयार भएको पाइयो । **कामको विवरण** / **परिमाण** / **दर** / **रकम** कडा चट्टान / १२२७.१८ घ.मि / ५० / ६१३५९ नरम चट्टान / ६३.०३ घ.मि / १६५ / १०३९९ मध्यम चट्टान / ११२९.३८ घ.मि / ४०५ / ४५७३९८ **जम्मा** / **५२९१५६** (इ) लागत अनुमानमा भएको निम्न आइटमको काम भएको देखिएन । **कामको विवरण** / **परिमाण** / **दर** / **रकम** ग्यावियन जाली / ५६ घ.मी / ३६६७ / २०५४०२ ग्यावियन जालिमा ढुंगा भर्ने / ३० घ.मि / १४३२ / ४२९७४ **जम्मा** / **२४८३७६**	
	सशर्त कार्यक्रमतर्फ	
47.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २ (१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, पानीको मुहान संरक्षण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २३९ जनालाई रोजगारी उपलव्ध गराई रु.३८६८२४०/- खर्च गरेको छ।लक्षित वर्गलाई ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
	समानीकरण पूँजिगततर्फ	
48.	**सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पटक वा पटक-पटक गरी ५ लाख भन्दा वढी रकमको निर्माण कार्य, मालसामान वा परामर्श सेवा एउटै व्यक्ति, फर्म,कम्पनी वा संस्थावाट सोझौ खरिद गर्न नसकिने स्पष्ट उल्लेख भएपनि यस निकायले बेवास्ता गरी निम्न निर्माण व्यवसायीबाट पटक-पटक सिमा भन्दा वढी रकमको कार्य गराएको रु.	४७८६१५५

भौ.नं. मिति	निर्माण व्यावसायिकको नाम	रकम
८-०७६/८/१२	सुर्योदय कन्स्ट्रकसन	४८३१२८
१२-०७६/९/१२	सुर्योदय कन्स्ट्रकसन	३०४९५४
१५-०७६/११/२	सुर्योदय कन्स्ट्रकसन	३९८९८०
२८१-०७६/३/३१	सुर्योदय कन्स्ट्रकसन	४३५२९८
	जम्मा	१६२२३६०
९-०७६/८/१२	जे.पी एण्ड कन्स्ट्रकसन	४९२४५२
१०-०७६/८/१३	जे.पी एण्ड कन्स्ट्रकसन	१३१६८२
१३-०७६/१०/२८	जे.पी एण्ड कन्स्ट्रकसन	४९८३३
१४-०७६/१०/२८	जे.पी एण्ड कन्स्ट्रकसन	९९१९१
१९-०७६/११/२१	जे.पी एण्ड कन्स्ट्रकसन	३९८९८०
२५-०७६/१२/५	जे.पी एण्ड कन्स्ट्रकसन	४६३९८४
१५२-०७६/३/३१	जे.पी एण्ड कन्स्ट्रकसन	३१३८२३
५३-०७७/२/२६	जे.पी एण्ड कन्स्ट्रकसन	२०१९४७
११०-०७७/३/२२	जे.पी एण्ड कन्स्ट्रकसन	१३७७५३
२६१-०७७/३/३१	जे.पी एण्ड कन्स्ट्रकसन	१७११४०
२१६-०७७/३/३१	जे.पी एण्ड कन्स्ट्रकसन	२०५५५३
२१५-०७७/३/३१	जे.पी एण्ड कन्स्ट्रकसन	४९७४५७
जम्मा		३१६३७९५

49.	**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ।कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु.३५८६३५०/-कट्टी गरेको छ ।यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
50.	**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ।यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन।कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन।	
51.	**सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन।सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ	
52.	**प्रशासनिक खर्चको आधार**:- कार्यालयले प्रशासनिक कार्यको लागि बजेट विनियोजन गर्दा कार्यालयले गर्ने विभिन्न कार्य र सो कार्य गर्न खरिद गर्नु पर्ने सामान,सेवा वा महसूलको आधारमा कार्यालयको	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	जनशक्ति,मातहतका वडा आदिलाई आधार लिनु पर्दछ ।कार्यालले प्रशासनिक खर्चमा रकम विनियोजन गर्दा लिएको आधार स्पष्ट भएन । प्रशासनिक कार्यको लागि रकम विनियोजन गर्दा निश्चित आधारमा विनयोजन गरी न्यून प्रशासनिक खर्चमा अधिक उपलब्धि हासिल गर्नु पर्दछ ।	
53.	**प्रशासनिक खर्च सम्बन्धमा**:- कार्यालयको प्रशासनिक खर्च तर्फ चालू तथा पूँजीगत बजेटबाट कार्यालय संचालन, मेशिनरी औजार,फर्निचरमा पूर्वाधार विकास कार्यक्रम लगायतमा समेत प्रशासनिक प्रयोजनका लागि बजेट स्वीकृत भएको छ । त्यस्तै नेपाल सरकारको शशर्त बजेट तथा प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतमा समेत प्रशासनिक कार्यका लागि रकम विनियोजन भएको छ।यस अतिरिक्त कार्यलयले निर्माण कार्यको कन्टिनजेन्सीबाट समेत प्रशासनिक कार्यमा खर्च गर्ने गरेको छ।विभिन्न शिर्षकबाट गरिएका प्रशासनिक खर्चको एकिकृत विवरण नराखिएकोले प्रशासनिक खर्चको विश्लेषण गर्न सकिएन।धेरै शिर्षकबाट प्रशासनिक खर्च गर्ने तर एकिकृत विवरण तयार नगर्दा कार्यालय संचालन लगायतम अनावश्यक खर्च हुन सक्ने,मितव्ययिता नहुने जस्ता जोखिम रहन सक्ने भएकोले आन्तरिक नियन्त्रण तथा पारदर्शिताको लागि सबैशिर्षबाट भएको प्रशासनिक खर्चको एकिकृत विवरण तयार गर्नु पर्दछ।	
54.	**जिन्सि व्यवस्थापन** :- आर्थिक कार्यविधि नियामवली २०६४ मा कार्यालयमा प्राप्त भएका सामान मध्ये खर्च भएर जाने प्रकृतिका सामान खर्च भएर जाने जिन्सि खातामा र खर्च भएर नजाने जिन्सि सामान खर्च भएर नजाने जिन्सि खातामा आम्खानी बाँधी प्रयोगकर्ताबाट रितपुर्वकको स्वीकृत माग फारम प्राप्त गरी खर्च घटाउने व्यवस्था छ।कार्यालयले जिन्सि आम्दानी जनाउन खडा गरेका जिन्सि खातामा खरिद गरिएका संम्पूर्ण जिन्सि सामान आम्दानी नबाधिएको,जिन्सि खाता प्रमाणित नभएको,खर्च भएका सबै सामान खर्च जनाई जिन्सि खाता अद्यावधिक नगरिएकोले कार्यालयमा प्राप्त भएका सबै सामान रित पूर्वक आम्दानी तथा खर्च भएको छ भन्ने अवस्था भएन।कार्यालयले सबै उपशिर्षक तथा खर्च शिर्षकबाट खरिद गरेका सामान जिन्सि दाखिला गरी तथा रित पूर्वक खर्च भए नभएको,अनावश्यक सामान खरिद तथा खर्च भए नभएको सम्बन्धमा यकिन गर्नु पर्ने देखिएको छ।	
55.	**खरिद व्यवस्थापन** :- सार्वजनिक खरिद नियामवली,२०६४ को नियम ३ बमोजिम सार्वजनिक निकायले कुनै खरिद कार्वाही तयार गर्दा खरिद आवश्यकताको पहिचान माग संकलन गर्ने,खरिद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरिद संम्झौताको जानकारी लिने,अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसमान,निर्माण कार्य वा परामर्श सेवा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने,खरिद विवरण तयार, परिमाण र क्षेत्र यकिन गर्ने,खरिदलाई बढी सुविधाजनक समुह विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरिद योजना तयार गर्ने,खरिदको लागत अनुमान तयार गर्ने,खरिदको आर्थिक स्रोत र रकम पहिचान गर्ने,खरिद विधि छनौट गर्ने व्यवस्था छ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन ।	
55.1.	कार्यालयको दैनिक प्रशासन संचालनको लागि चालु तथा पूँजिगत खर्च शिर्षकबाट मसलन्द,छपाई,विविध प्रकारका सामाग्री खरिदको लागि कार्यालय संचालनमा, मेशिनरी औजारमा,फर्निचरमा खर्च गरेको संघिय तथा प्रदेश सरकारको शसर्त बजेट बाट समेत विभिन्न सामान खरिद गरिएको छ।कार्यालयले सामान खरिदको लागि माग संकलन,लागत अनुमान तयारी,,सामानको प्रकृति अनुसार समुह विभाजन र प्रत्येक समूहको रकम परिमाण अनुसार खरिद विधि छनौट गरी खरिद गरेको पाईएन।कार्यालयमा प्रयोग हुने कतिपय सामान कार्यालयबाट खरिद गरेको भए पनि विषयत शाखाबाट खरिद गरी कर्मचारीले सोधभर्ना माग गरेको तथा कतिपय सामान पेश्कीबाट खरिद गरेको देखियो।त्यस्तै शिक्षा,कृषि,पशु,,सामाजिक विकासको लागि छुट्याईएको अधिकाशं बजेट संम्बन्धित शाखाका कर्मचारीले पेश्कीबाट खरिद गरेकोमा खरिद गरिएको रकम सम्बन्धित सप्लायर्स तथा सेवा उपलब्ध गराउनेलाइ दिएको भरपाइ वा बैंक ट्रान्सफर गरेको समेत देखिएन ।	
55.2.	सामान प्रयोग गर्ने वा सेवाग्राहीलाई सामान वितरण गर्ने जिम्मा पाएको व्यक्तिले आफैं कार्यक्रम तयार	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गर्ने,आफै पेश्की लिने वा माल सामान पेश्किबाट खरिद गरी सोधभर्ना लिई आफै वितरण गर्दा आन्तरिक नियन्त्रणको अभावमा बजार मूल्य भन्दा बढीमा बस्तु वा सेवा प्राप्त हुन सक्ने भएकोले बस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार सोझै,दरभाउपत्र, सिलबन्दी दरभाउपत्र,बोलपत्र लगायतका उपयुक्त खरिद विधि छनौट गर्ने,बिक्रेतालाई सोझै भुक्तानी गर्ने लयागतका प्रक्रिया अवलम्बन गरी खरिद प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	
55.3.	सार्वजनिक खरिद नियमावली,२०६४ मा ५ लाख सम्मको मालसमान खरिद ३ आपूर्तिकर्ताबाट दरभाउपत्र लिई सबै भन्दा घटी रकम प्रस्ताव पेश गर्ने आपूर्तिकर्ताबाट खरिद गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले दरभाउपत्रबाट खरिद गरेका सामानको भुक्तानी दिएको भौचर साथ ३ दरभाउपत्र संलग्न गरेको भएपनि दरभाउपत्रको फोटोकपि संलग्न गरेको, तुलनात्मक तालिका बनाई स्वीकृत गराउने नगरेको, आपुर्तिकर्तालाई पत्राचार गरी दरभाउपत्र माग नगरेको, दरभाउपत्र बाट मालसामान खरिद गर्दा मौजुदा सूचीमा रहेका आपूर्तिकर्तालाई लिखित पत्राचार गरी सक्कल प्रति दरभाउ लिने प्राप्त दरभाउपत्र दर्ता गर्ने,तुलनात्मक तालिका तयार गर्ने लगायतका कार्य गरी खरिद प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ ।	
56.	**कार्यक्रमको अनुगमन** :- सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। गौ.भौ.नं.र.मिति | रकम | विवरण | अनुदान पाउने | कैफियत ११।०७७।३।३१ | ६००००० | कुखुरापालन | मालिका वडा नं २ उ स | १६।०७७।३।३१ | १०००००० | बाखापालन | मालिका वडा नं २ उ स | ११३ जनाको भरपाइ संलग्न रहेकोमा ९ जनाले बाखा बुझिलिएको तथा बोका बुझेकोमा बुझिलिने व्यक्तीको सम्पर्क फोन नं उल्लेख नदेखिएको	
57.	**कार्यक्रमबाट असम्बन्धित रकम भुक्तानी** पालिकाबाट सञ्चालित हुने योजना तथा कार्यक्रमहरुको बजेटबाट तोकिएका कार्यक्रममा मात्र खर्च गर्न पाउनेमा देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा उपभोक्ताहरुले खाजा खाना लगायतका बिल भरपाइ पेश गरेको आधारमा पालिकाले भुक्तानी दिएकोले त्यस्तो साधारण प्रकारको खर्च भुक्तानी दिन मिल्ने नदेखिएको रु. **गो भौ नं** | **रकम** | **खाजा समेत भुक्तानी** | **ब उ शि नं** | **उपभोक्ता समितिको नाम र काम** | **कैफियत** ११।०७७।३।३१ | ६००००० | २३००० | प्रदेश चालु मुख्यमन्त्री | मालिका वडा नं २ कुखरापालन उ स | प्रपोजल प्रतिबेदानमा रु १००००।०० र व्यानर खर्चमा रु १३०००।०० १८।०७७।३।३१ | ६९०४६४ | १५००० | प्रदेश चालु मुख्यमन्त्री | होमस्टे अनुदान तथा अवलोकन भ्रमण | प्रस्तावना तयारी र प्रतिबेदनमा रु १००००।०० र व्यवस्थापन खर्चमा रु ५०००।०० १६।०७७।३।३१ | १०००००० | ५७३०० | प्रदेश चालु मुख्यमन्त्री | मालिका वडा नं २ बाखापालन उ स | बाखा कृषि तथा पशुपंक्षि फार्म दर्लिङबाट खरिद गरेकोमा ढुवानी वापत रु ५००००।०० भुक्तानी भएको भरपाइमा ढुवानी कहाँ देखि कहाँसम्म उल्लेख नभएको स्थानिय स्तरमा खरिद गरेकोमा ढुवानी तथा अनुगमनमा खर्च रु ७३००।०० भुक्तानी दिन नमिल्ने **जम्मा** | | **९५३००** | | |	९५३००
58.	**तालिम सम्बन्धमा** यस पालिकाको पाँचौ गाउँसभाको बैठकबाट प्रदेश सरकारबाट जारी भएको भन्दा बढी हुनेगरी तालिमको नमर्स तयार गरी कार्यक्रम सञ्चालन भएको देखिएको छ। यसरी तालिम सञ्चालन भएकोमा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पालिकाले तयार गरेको नमर्स भन्दा बढी हुनेगरी भुक्तानी दिएको देखिएकोले देहायमा उल्लेख गरिए अनुसार रु ६२१६१३।०० असुल गरी राजस्वा दाखिला हुनुपर्ने रु.	६२१६१३

गो भौ नं र मिति	रकम	बिवरण	भुक्तानी भएको	नमर्स अनुसार भुक्तानी हुनुपर्ने रकम	बढी भुक्तानी रकम पारिश्रमिक कर कट्टा गरीसकेपश्चात	कैफियत
६२५।०७७।३।३१ र गा पा चालु	४०००००	बालबिकास सहजकर्ता सामाग्री निर्माण तालिम मिति २०७७।३।७ देखि ९ सम्म सञ्चालन भएको सहभागी संख्या ६१ जना भएकोमा मालिका गाउँपालिकाको राजपत्रमा उल्लेखित नमर्स भन्दा बढी भुक्तानी भएको देहाय अनुसार				तुलसीराम न्यौपानेको पेश्की फछ्यौट गरेको प्रशिक्षक र सहभागी भत्ता बाहेक अन्यमा १.५ मात्र कट्टा गरेको छ
		सहभागी भत्ता / आतेजाते खर्च नमर्समा प्रति सहभागी प्रति दिन रु २००।०० रहेकोमा रु ५००।०० ले भुक्तानी	९१०००	३६६००	४६२४०	
		सहभागी भत्ता / आतेजाते भत्ता उपलब्ध गराएकोमा यातायात भुक्तानी	३६३००	००	३५४६०	
		प्रशिक्षक ह्यान्ड तयारी ३ दिनको रु १०००।०० को दरले दिएकोमा नमर्समा नभएको	३०००	००	२९५५	
		स्टेशनरी प्रति सहभागी रु १००।०० रहेको तालिम सामाग्री रु ३०००।०० बिबिध खर्च रु ३५०००।०० प्रतिबेदन लेखनमा रु २५००।०० र प्रस्ताब लेखनमा रु १०००।०० नमर्समा रहेको	११००००	१६१००	९३४७६	
		संयोजक भत्ता प्रति दिन एक जना दैनिक रु १५००।०० रहेको	१८०००	४५००	११४७५	
	जम्मा				**१७५९४५**	
६२६।०७७।३।३१ र गा पा चालु	२४००००	कर्मचारीलाइ क्षमता बिकास तालिम मिति २०७७।३।२० देखि २२ सम्म सहभागी ४६ जना स्थान गा पा सभाहल ४ दिने				प्रशासन अधिकृत असर जि सी को पेश्की फछ्यौट गरेको, तालिम सामाग्रीमा ह्यान्डसआउट समावेश भएको
		सहभागी भत्ता / आतेजाते नमर्समा प्रति सहभागी प्रति दिन रु २००।०० रहेकोमा रु १०००।०० ले भुक्तानी	१३८०००	२७६००	९३८४०	
		व्यवस्थापनमा खटिने सहयोगी भत्ता प्रतिदिन रु २००।०० रहेकोमा २ जना खटिएको ३ दिनको	६०००	१२००	४०८०	
		प्रशिक्षक ह्यान्ड तयारी रु १०२०दिएकोमा नमर्समा नभएको	१०२०	००	१००५	
		स्टेशनरी प्रति सहभागी रु १००।०० रहेको तालिम सामाग्री रु ३०००।०० बिबिध खर्च रु ३५०००।०० प्रतिबेदन लेखनमा रु २५००।०० प्रस्ताब लेखनमा रु १०००।०० नमर्समा रहेको	१९३८०	१४६००	४७०८	
	जम्मा				**१०३६३३**	
६३३।०७७।३।३१ र गा पा चालु	१०८००००	बिषयगत शिक्षक तालिम ७ वटा बिद्यालयहरुमा वडास्तरिय कार्यक्रम मिति २०७६।११।१ देखी ११।१४ सम्म सञ्चालित एक बिद्यालयमा ४ दिन सञ्चालन भएको कुल सहभागी संख्या २२२ जना				जगत बहादुर पौडेलको पेश्की फछ्यौट गरेकोमा रु २५२६००।०० नगद फिर्ता गरेको छ । वडा स्तरिय कार्यक्रमको नमर्स गा पा स्तरियको भन्दा कम भएको र
		सहभागी भत्ता / आतेजाते नमर्समा प्रति सहभागी प्रति दिन रु १५०।०० रहेकोमा २०५ जनालाइ रु ३००।०० र १७ जनालाइ रु ४००।०० ले भुक्तानी	२४६०००	१३३०००	९६०५०	
		स्टेशनरी प्रति सहभागी रु १००।०० रहेको तालिम सामाग्री रु ३०००।०० बिबिध खर्च रु ३५०००।०० प्रतिबेदन लेखनमा रु २५००।०० र प्रस्ताब लेखन रु ५००।०० नमर्समा रहेको	६५७३५	३१७००	२८९३०	
		व्यवस्थापनमा खटिने सहयोगी भत्ता प्रतिदिन रु २००।०० रहेकोमा १ जना ७ बिद्यालयमा खटिएको ४ दिनको	२२४००	५६००	१४२८०	
		खाजामा प्रति सहभागी प्रतिदिन रु १५०।०० ले खर्च लेखांकन गर्न सकिने सहभागी र प्रशिक्षक समेत २२७	१८१६००	१३६२००	४५४००	

दफा	भौ.नं, मिति र ब्यहोरा							बेरुजू रकम
			जना				बिद्यालयहरु मा गाडी भाडा रु ४५५००।०० खर्च भएको	
		जम्मा				**१८४६६०**		
	६३२।०७७।३।३१ र गा पा चालु	४०००००	बीद्यालय शैक्षिक सामाग्री निर्माण कार्यक्रम ६ वटा बिद्यालयमा मिति २०७६।११।१ देखि २०७६।११।१५ सम्म बिभिन्न मितिमा १ दिने कार्यक्रम सञ्चालन गरी सहभागी १९९ जना भएको				वडा स्तरिय कार्यक्रमको नमर्स गा पा स्तरियको भन्दा कम भएको र बिद्यालयहरु मा गाडी भाडा रु ३९०००।०० खर्च भएको सूचना प्रविधि अधिकृत जगत बहादुर पौडेलको पे फ गरेकोमा रु १५०९००।०० नगद फिर्ता दाखिला	
			सहभागी भत्ता / आतेजाते नमर्समा प्रति सहभागी प्रति दिन रु १५०।०० रहेकोमा सहभागी १९९ र प्रशिक्षक ६ जना समेत २०५ जनालाइ रु ३००।०० ले भुक्तानी	६१५००	३०७५०	२६१३७		
			स्टेशनरी प्रति सहभागी रु १००।०० रहेको तालिम सामाग्री रु २०००।०० बिबिध खर्च रु २५००।०० प्रतिबेदन लेखनमा रु २०००।०० र प्रस्ताब लेखन रु ५००।०० नमर्समा रहेको	४६८४०	२६९००	१९६४१		
			खाजामा प्रति सहभागी प्रतिदिन रु १५०।०० ले खर्च लेखांकन गर्न सकिने सहभागी र प्रशिक्षक समेत २२० जना	६४२२२	३३०००	३४२२२		
		जम्मा				**८००००**		
	१४।०७७।३।३१ मुख्यमन्त्री प्रदेश	२०००००	ढाका बुनाइ तालिम मिति २०७७।२।२५ देखी २०७७।३।२६ सम्म ३० दिने कार्यक्रममा सहभागी २५ जना					
			तालिम सामाग्रीमा नमर्समा रु ४०००।०० रहेकोमा रु ६४०००।०० भुक्तानी भएको	६४०००	४०००	५९१००		
			प्रस्तावना तयारीमा नमर्समा रु १०००।०० रहेकोमा रु ५०००।०० भुक्तानी रहेको	५०००	१०००	३४००		
			प्रतिबेदन लेखनमा नमर्समा रु ३५००।०० रहेकोमा रु १००००।०० भुक्तानी रहेको	१००००	३५००	५५२५		
			बिबिधमा नमर्समा व्यवस्था नभएको	९३५०	००	९३५०		
		जम्मा				**७७३७५**		
		कुल जम्मा				**६२१६१३**		
59.	**पेश्कीः** आर्थिक कार्यवधि नियमावली, २०६४ को नयम ७४ र ७९ बमोजिम पेश्की लिने र कार्यविधि अपनाई तोकिए वमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ।गो.भौ.नं ६१।०७६।८।४ बाट उपभोक्ता समुहहरुको लागि योजना अनुशिक्षण कार्यक्रमको लागि योजना सहायक मिन बहादुर खड्कालाइ दिएको पेश्की रु २८००००।०० फछ्र्यौट भएको नदेखिएकोले असुल फछ्र्यौट हुनुपर्ने रु.							२८००००
60.	**बिद्यालयलाइ अनुदान** पालिकाले देहायका बिद्यालयहरुलाइ अनुदान दिएकोमा सो निर्माण कार्यको लागत अनुमान बिल भरपाइ एवम प्राबिधिक मूल्यांकन पेश नभएको रु.							१००००००
61.	**गो भौ नं र मिति**	**रकम**	**बिद्यालयको नाम**	**कामको बिबरण**	**अनुदान रकम**	**कैफियत**		

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

५१७।०७७।३।३०	१००००००	अर्जे मा बि	कोठा निर्माण	३०००००	
		देबिस्थान मा बि	भवन मर्मत	४०००००	
		मालिका मा बि	मालिका मा बि जाने बाटो निर्माण	३०००००	बाटो निर्माणको काम बिद्यालयलाइ दिएको देखिएकोले नियमसम्मत नभएको
जम्मा				**१००००००	

62. **बढी खर्च लेखांकन** बैठक भत्ता बितरण गर्दा गो भौ नं ९६।०७६।९।१२ बाट पदाधिकारी बैठक रु १११५४५।०० कर्मचारी बैठक भत्तामा रु २८५००।०० र अनुगमनमा रु २७६००।०० गरी जम्मा रु १६७६४५।०० खर्च लेखांकन गरेकोमा पदाधिकारीलाइ भत्ता बितरण गरेको रु १०५०००।०० को भरपाइको मात्र भरपाइ संलग्न भएकोले बढी खर्च लेखांकन भएको कर कट्टा गरी रु ५५६३।०० असुल हुनुपर्ने रु — ५५६३

63. <u>संघिय सरकारबाट हस्तान्तरित सशर्त पूँजीगत</u>

कागति बिरुवा प्रबर्द्धन यस कार्यक्रमको लागि रु २२५००००।०० बजेट बिनियोजन भएकोमा पूरै निकासा तथा खर्च भएको देखिएको छ । बिनियोजित बजेट प्राप्त भएपश्चात पालिकाले देहाय अनुसार बजेट बाँडफाँड गरी खर्च गरेकोमा देहाय अनुसार देखिएको छ ।

बिबरण	परिमाण	दर	जम्मा बजेट	गो भौ नं र मिति	खर्च	खरिद परिमाण	कैफियत
पुरानो क्लष्टरलाइ अनुदान	६	४००००	२४००००	१७।०७७।३।४	२४००००		
नयाँ क्लष्टरलाइ अनुदान	१५	७२०००	१०८००००	२८।०७७।३।२७	११५२०००		१६ वटा क्लष्टरलाइ दिएकोमा रु २००००।०० गा पा चालुबाट भुक्तानी
अनुगमन	३	१०००००	१०००००	१५।०७७।३।२	३४०००		
कागति बिरुवा खरिद	६०००	४०	२४००००	२६।०७७।३।२७	३७५०००	१५००० वटा	
ढुवानी	२	५००००	५००००	२६।०७७।३।२७ र ३४।०७७।३।३१	७००००	२२५ बोरा	
लेदो मल खरिद			४५००००	३४।०७७।३।३१	४५००००		
सिकेचर आरि चक्कु खरिद			९००००	३४।०७७।३।३१	९००००		
जम्मा			**२२५००००		२२११०००		गा पा बाट व्यहोरेको रु २००००।०० कट्टा गरी कुल खर्च रु २२११०००।०० भएको

- **पूरानो क्लष्टरलाइ बढी भुक्तानी** कागति खेति प्रवर्द्धन कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा नं ६ मा कृषक छनौटका बिभिन्न आधारहरुमध्ये कार्यक्रम माग गर्दा कम्तीमा २० रोपनी ब्लक हुनुपर्ने ४०० बिरुवा लगाएको हुनुपर्ने र लगाएको बिरुवा मरेमा सम्बन्धित कृषकले नै पुन लगाउनुपर्ने व्यवस्था छ । पूरानो ६ क्लष्टरका कृषकहरुको बिरुवा मरेको कारण प्रत्येकलाइ १०० वटाको दरले ६०० बिरुवा यस वर्ष खरिद गरेको बिरुवामध्येबाट थप दिएको समेत यो वर्ष ६ क्लष्टरलाइ २४०० बिरुवाको कार्यबिधिमा व्यवस्था भए अनुसार मरेका बिरुवाको पुन आफ्नो पहलमा पुन रोपण गरेको नदेखिएकोले निजहरुलाइ प्रति बिरुवा रु १००।०० को दरले रु २४००००।०० अनुदान दिन मिल्ने देखिएन । पूरानो क्लष्टरलाइ कागतिको बिरुवाको गोडमेल तथा स्याहार गर्नको लागि प्रति बिरुवा रु १००।०० का दरले दिइने अनुदान पूरानो नहुर्केको बिरुवाहरुलाइ नदिनुपर्नेमा ति ६०० बिरुवालाइ समेत अनुदान दिएको रकम रु ६००००।०० असुल हुनुपर्ने रु. — ६००००
- कागति खेति प्रवर्द्धन कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा नं ५ को उपदफा ८ मा

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	स्थानिय तहले भुक्तानी दिएको बिल भरपाइ र बिरुवा रोपेको कृषकको बिबरणको छायाँप्रति राष्ट्रिय फलफुल बिकास केन्द्रलाइ उपलब्ध गराउनु पर्नेमा पठाएको नदेखिएकोले कार्यबिधिको परिपालना तथा खर्चको पारदर्शिता कायम गरेको नदेखिएकोले सम्बन्धितलाइ जिम्मेवार बनाउनुपर्ने देखिन्छ । कागति खेति प्रवर्द्धन कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा नं ८ मा सम्बन्धित स्थानिय तह एवम कृषि तथा पशुपंक्षि बिकास मन्त्रालय कृषि बिभाग राष्ट्रिय फलफुल बिकास केन्द्रबाट समेत अनुगमन गरिनेछ भन्ने व्यवस्था रहेकोमा जनगुनासो पश्चात छानबिन समितिले गरेको अनुगमन बाहेक कार्यबिधिमा भएको व्यवस्था अनुसार अनुगमन गरेको पाइएन । • **कार्यक्रमको उद्धेश्य बिपरित बिरुवा बितरण** यस कार्यक्रमको मुख्य उद्धेश्य ब्लकमा कागति खेती लगाइ उत्पादन बृद्धि गरि कागतीमा आत्मनिर्भर गराउने रहे अनुसार १५ वटा क्लष्टरको लागि ४०० बिरुवाको दरले ६००० बिरुवा खरिद गर्ने कार्यक्रम रहेको भएतापनि १५००० बिरुवा रु ४१००००।०० (ढुवानी सहित) कर्मचारीले पेश्की मार्फत खरिद गरी १६ क्लष्टरलाइ ६४००,पूरानो ६ वटा क्लष्टरलाइ १०० वटाको दरले ६०० वटा बिरुवा र बांकी रहेका बिरुवा माग बमोजिम बिभिन्न कृषकहरुलाइ न्यूनतम १ देखि बढीमा २७० वटा सम्म बितरण गरेको अवस्था छ।तसर्थ कार्यक्रम भन्दा बढी ९००० वटाको रु २४६०००।०० बढी रकमको बिरुवा खरिद गरेकोले यस कार्यक्रम लक्ष्य बिपरित खरिद तथा बितरण गरेकोले कार्यक्रम भन्दा बढि खरिद गरेको नियमसम्मत नभएको रु	२४६०००
64.	**दर्लिङ एक घर एक धारा खा पा** यस योजना बोलपत्रको माध्यमबाट निर्माण कार्य गर्नको लागि बिष्णुदेबी निर्माण सेवा सुनवल नवलपरासीले कबोल गरेको रकम रु ६३०४४२८।८९ मू अ कर समेत मा काम गराइ यस वर्ष प्रथम रनिङ बिल बापत रु. १६१७२७७।०० भुक्तानी दिदा बिमा पि एस मा राखेको र रु २५०००।०० भुक्तानी दिएकोमा बिमा गरेको पोलिसी तथा रकम तिरेको प्रिमियम पेश एवम लेखापरीक्षणमा लागत, अनुमान सम्झौता, नापी किताब र तुलनात्मक बिबरण लगायतका बोलपत्र सम्बन्धी फाइल पेश भएन । साथै सो कामको सम्झौता अबधि शुरुदेखीकै बिमा गरेको पोलिसी र प्रिमियम तिरेको बिजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	२५०००
65.	<u>प्रदेश सरकारबाट हस्तान्तरित सशर्त पूँजीगत</u> **बिचारे चाम्रे खा पा** यस योजना निर्माणको लागि बोलपत्रको माध्यमबाट अर्जुन बिल्डर्स एण्ड प्रा लीलाइ कबोल रकम रु ३०६८११७।२३ मा काम गराइ मिति २०७७।३।२५ मा काम सम्पन्न गरी रु ३०४३११९।०० भुक्तानी भएकोमा सोही योजनामा रञ्जित रञ्जन कन्स्ट्रक्सन प्रा ली लाइ Earthwork exavation in soft soil pipeline and distributio line काम गराइ गो भौ नं ७।०७७।३।३० बाट रु ४९६६७८।०० भुक्तानी दिएको र उपभोक्ताबाट गराइ रु १६९१७९३।०० को भुक्तानी गरी यस योजनामा कुल रु ५२३१५९०।०० उपभोक्ता तथा निर्माण व्यवसायीलाइ भुक्तानी भएको हुदाँ उपभोक्ताबाट भएको कामका सम्बन्धमा यकिन गर्न सकिएन । उक्त काम बोलपत्रको माध्यमबाट गराउदा रु २५०।०० प्रति घ मी को दरले गराएको अवस्थामा सिधैं गराउदा प्रति घ मी रु ४७६।०० ले गराएकोले काम गरेको सो आइटम ६८०.४० घ मी को रु ३६५९७३।५५ मा बढी व्ययभार पर्न गएको देखिन्छ । यसरी बोलपत्रको माध्यमबाट निर्माण कार्य गराएको स्थानमा पुन सिधैं तथा उपभोक्ताबाट काम गराएकोले काममा दोहोरो भएन भन्न सकिने अवस्था नभएकोले सो सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्ने हुन्छ । यसरी गराएको काम नियमसम्मत नभएको रु	४९६६७८
66.	**गोश्वरा भौचर लगायत बिल भरपाइ पेश नभएको** पालिकाले यस आ ब मा गरेको सम्पूर्ण कारोबारको अभिलेख सुत्र मार्फत गरी गोश्वरा भौचार खडा गरी बैंक नगदी किताब तथा सम्बन्धित खातामा प्रविष्टी हुनुपर्नेमा बैंक नगदी किताबमा खर्च लेखांकन भएको तर देहायका गोश्वरा भौचार तथा बिल भरपाइ पेश नभएको रु	२८८११७२

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

ब उ शा नं	गो भौ नं र मिति	रकम	बिबरण	कैफियत
प्रदेश सरकारबाट हस्तान्तरित सशर्त पूँजीगत	२७।।०७७।३।३१	११६१३८६	खारापाटा पौवा खा पा निर्माण विष्णुदेबी निर्माण सेवा सुनवललाइ अन्तिम बिल भुक्तानी	बोलपत्र सम्बन्धी फाइल नापी किताब पेश नभएको
प्रदेश सरकारबाट हस्तान्तरित सशर्त पूँजीगत	१२।०७७।३।३१	१४६९७८६	सहारेखोला एक घर एक धारा खा पा निर्माण व्यवसायी रन्जित रन्जन कन्स्ट्रक्सन लाइ प्रथम रनिङ बिल भुक्तानी	बोलपत्र सम्बन्धी फाइल नापी किताब पेश नभएको
गाउँपालिका चालु	६१०।०७७।३।३१	२५००००	सिमलटारी आँखा उपचार केन्द्र मर्भुङ्गलाइ व्यवस्थापन अनुदान	बिल भरपाइ पेश नभएको
जम्मा		**२८८११७२**		

67. <u>संघिय सरकारबाट हस्तान्तरित सशर्त पूँजीगत (संसद बिकास कोष)</u>

अर्घावाङ्ग खा पा योजना यस योजना निर्माण गर्न रु ५१२३८१२।७० मू अ कर समेत भएको काम बोलपत्रको माध्यमबाट मिति २०७७।३।३० सम्म सम्पन्न गर्नेगरी रु ४२६२८५६।४६ मू अ कर समेतमा मिति २०७७।२।१५ मा सम्झौता भएकोमा यो वर्ष प्रथम रनिङ बिल रकम रु २८८७७८२।२९ को निर्माण कार्य गरी गो भौ नं ४३।०७७।३।३१ बाट रु २९१२७८२।०० भइ रु २५०००।०० बढी भुक्तानी भएको देखियो । निर्माण कार्यको बित्तिय तथा भौतिक प्रगति प्रतिबेदन तयार गरेको छैन । निर्माण कार्यको ६८ प्रतिशत काम तथा भुक्तानी भएको र निर्माण कार्य अधुरो रहेको भएतापनि पालिकाले कार्यस्विकार प्रतिबेदन तयार गरेको कारण स्पष्ट भएन । सो निर्माण व्यवसायीलाइ बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. — २५०००

68. **रानीपोखरी बहुउद्धेश्यीय सहकारी संस्थालाइ अनुदान** यस गाउँपालिकाको वडा नं ६ अर्जेमा रहेको सो संस्थाको स्थानिय पूर्वाधार बिकास र बिउ प्रशोधन मेसिनरी खरिद कार्यक्रमको लागि संस्था पालिका र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ मकै जोन गुल्मीबिच परियोजनाले रु १८९५६१५।००, गा पा ले १३२५०००।०० र संस्थाले रु ४३४२७४।०० व्यहोर्ने गरी कुल रु ३६५४८९०।०० मा मिति २०७७।३।१ मा सम्झौता भएको देखियो । पालिकाले व्यहार्ने रु १३२५०००।०० मध्ये गा पा को निर्याणानुसार गा पा पूँजीगतको गो भौ नं २६२ र २६३।०७७।३।३१ बाट रु ३४२३७५।०० र संसद बिकास कोषको गो भौ नं ३९।०७७।३।३१ बाट रु १०००००००।०० गरी जम्मा रु १३४२३७५।०० भुक्तानी भएको देखियो । साथै पालिकाबाट यस संस्थालाइ गो भौ नं १८४।०७७।३।३१ बाट रु ३२५०००।०० पोष्ट हार्भेष्ट निर्माणको लागि अनुदान दिएकोमा सो रकम अनुदान दिने गाउँपालिकाको निर्यण र संस्थाले निर्माण काम गरी बिल भरपाइ एवम प्राबिधिक मूल्यांन पेश नभएको र गो भौ नं १९९।०७७।३।३१ बाट रु ७००००००।०० गा पा को मिति २०७६।९।१० को निर्णयानुसार व्यवस्थापन अनुदान दिएकोमा बिल भरपाइ पेश नभएको र संस्थालाइ रु १०२५०००।०० अनुदान दिएकोमा सो संस्थाबाट व्यहोर्ने रकमको सम्बन्धमा सम्झौता तथा संस्थाले प्रस्तावना पेश नगरेको आर्थिक वर्षको अन्त्यमा यसरी अनुदान रकम बितरण गर्ने गरेको गाउँसभाबाट बिनियोजन भएका तथा तय भएका कार्यक्रमहरु समयमै उपभोक्ता तथा संस्थाबाट समेत योगदान हुनेगरी अनुदान रकम दिइनुपर्दछ । यस संस्थालाइ यस आ ब मा पालिकाबाट रु २३६७३७५।०० अनुदान उपलब्ध गराएकोमा संस्थाबाट भएको काम र सो बाट भएको उपलब्धी तथा समस्याको सम्बन्धमा अनुगमन गरी प्रतिबेदन गरेको छैन । पालिकाबाट यस संस्थालाइ गो भौ नं १८४।०७७।३।३१ बाट रु ३२५०००।०० पोष्ट हार्भेष्ट निर्माणको लागि अनुदान दिएकोमा सो रकम अनुदान दिने गाउँपालिकाको निर्यण र संस्थाले निर्माण काम गरी बिल भरपाइ एवम प्राबिधिक मूल्यांन पेश नभएको र गो भौ नं १९९।०७७।३।३१ बाट रु ७००००००।०० गा पा को मिति २०७६।९।१० को निर्णयानुसार व्यवस्थापन अनुदान दिएकोमा बिल भरपाइ पेश नभएको र संस्थालाइ रु १०२५०००।०० अनुदान दिएकोले गा पा को निर्यण र बिल भरपाइ संस्थासंग भएको सम्झौता प्रस्तावना

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	एवम प्राबिधिक मूल्यांकन पेश हुनुपर्ने रु	१०२५०००
	संघिय सशर्त , चालु	
69.	गो भौ नं २१, ०७६।०९।२५ मालिका गा पा अन्तर्गत संचालित ५४ वटा विद्यालयहरुमध्ये देहायका ३ वटा विद्यालयमा दिवा खाजामा भरपाइ भन्दा बढी रकम निकासा देखिएकोले ती सबै विद्यालयहरुबाट बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	३५८३९५

सि न	विद्यालयको नाम	खाजा खुवाएको विद्यार्थी संख्या			खर्च भएको रमा			निकासा रकम			बढी रकम
		पहिलो	दोस्रो	जम्मा	पहिलो	दोस्रो	जम्मा	पहिलो	दोस्रो	जम्मा	
१	मरानडाँडा प्रा वि	३३९९	५१६०	८५५९	५०९८५	७७४००	१२८३८५	११४७५०	९८१७५	२१२९२५	८४५४०
२	सिघवा प्रा वि	८३८८	१८७६८	२७१५६	१२५८२०	२८१५२०	४०७३४०	२४८४००	४१५४२०	६६३८२०	२५६४८०
३	भगवती प्रा वि	१२००	११५०	२३५०	१८०००	१७२५०	३५२५०	२८३५०	२४२५५	५२६०५	१७३५५
	जम्मा						**५७०९४८**			**९२९३५०**	**३५८३९५**

70.	भौ नं १८८, २०७७।३।३१, सिद्धेश्वरी प्रा वि मा बाँस सहितको शौचालय निर्माण कार्यको रु७७७२५७।०० को लागत रहेको सो काम उ स सँग २०७७।२।२५ को सम्झौता अनुसार कार्यालयले रु ६७२००० व्यहोर्ने गरी कार्य भई प्राविधिक मुल्याङ्कन रु७९९५५०।०० को कार्य भएको देखिएकोले संलग्न फाँटबारीमा बिल भरपाई रु ७६८९३४ को मात्र संलग्न भएको छुट बिल भरपाई भन्दा बढी प्राविधिक मुल्याङ्कन गरेको रु ३०६१६ को अनुपातिक हिसाबले प्राविधिक समेतलाई जम्मेवार बनाई असुल गर्नुषर्ने रु	२६४७०
71.	**भ्रमण खर्चः** लुम्विनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको पाइयो। • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा सम्बन्धमा स्पष्ट हुन सकिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययिता कायम गरि खर्चमा नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ	
72.	**सामुदायिक विकासका लागि वाखा उद्यम परियोजनाः** पालिकाले गैह्र सहकारी संघ संस्था तथा निजि क्षेत्र विचको सहकार्यमा गरिवी निवारण दिर्घकालिन परियोजना संचालन गर्ने उदेश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन बृद्धि गरी रोजगारी मूलक उद्दमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपाल संग मिति २०७६/८/१५ देखि २०७९/३/१६ सम्म परियोजना संचालन गर्न रु.३६१७५९४८/-मा ७५%ले रु.२७१०७७९३/- पालिकाले व्यहोर्ने र बाँकी २५% रु.९०६८१५५/- संस्थाले व्यहोर्ने गरी सम्झौता भए अनुसार रु.६१२००३९/- यस वर्ष खर्च लेखेकोमा निम्न व्यहोरा देखियो	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	। (क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सवलीकरण मूल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संसथाबाट गराउदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागी त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि,कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटि अनुमान तयार गर्नुपर्ने उल्लेख छ। अतः पालिकाले सामुदायिक विकासको लागी बाखा उद्यम परियोजना संचालन गर्न गैर सरकारी संस्था मार्फत संचालन गर्न ऐन नियममा व्यवस्था भएको देखिएन। साथै पालिकाको उक्त परियोजना संचालनका लागि कामको आवश्यकता, किसिम समयावधि कामको गुणस्तर,जनशक्ति,कार्य संचालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गरेको समेत देखिएन । (ख) सम्झौताको बुदा नं.७,२,९, मा परियोजना कार्यान्वयनका लागी परियोजना प्रस्तावनामा उल्लेख गरिएका स्थानीय साझेदारी संस्था संग हेफर प्रोजेक्ट नेपालले छुट्टै सम्झौता गर्ने उल्लेख छ । पालिका ले परियोजना संचालन गर्न सरोकारवाला स्थानिय संस्थाहरु संग सिधै सम्झौता नगरी गैर सरकारी संस्था मार्फत ऐन नियममा गैर सरकरी संस्था मार्फत संचालन गर्न सकिने प्रावधान वेगर पालिकाले ७५% र गैर सरकरी संस्थाले २५% रकम व्यहोर्ने गरी खर्च लेखेको नियम संगत देखिएन । (ग) सार्वजनिक खरिद ऐन २०६३को दफा ३० अनुसार खुलारुपमा आशय पत्र माग गरी संचिप्त सुचि तयार तथा प्रस्ताव आह्वान गरी के कति संख्या दर्ता भई उक्त संस्था छनोट गरिएको हो सो फारम लेखापरीक्षण मा पेश भएको छैन । (घ) लेखापरीक्षण गर्न योग्य चार्टड एकाउन्टेन्ट फर्मबाट गराउने उल्लेख छ। त्यस्तै वुदा नं ९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७६ वमोजिम चौमासिक रुपमा अनुगमन मूल्याङ्कन गर्ने उल्लेख भएको छ। यस प्रकार सम्झौतामा उल्लेख भए अनुसार हेफर प्रोजेक्ट नेपालले आ.व समापन पछि चार्टर एकाउन्टेन्ट फर्मबाट लेखापरीक्षण गराई प्रतिवेदनको प्रमाण र पालिकाले व्यवस्थापन तथा अनुगमन समितिबाट अनुगमन मूल्याङ्कन गरी प्रितिवेदन समेत लेखापरीक्षण पेश भएको छैन । (ङ) सम्झौताको वुदा नं १२ मा सम्झौता कार्यान्वयनका क्रममा सम्झौताका पक्षहरु विच कुनै विवाद उत्पन्न भएमा दुवै पक्षले आपसी छलफल गरी बिवाद समाधान गर्नुपर्ने साथै कार्य क्षेत्रमा हुन सक्ने कुनै पनि वाधा, व्यबधान, विवाद आदि समाधान गर्ने प्रथम पक्षको कर्तव्य हो र प्रथम पक्षको काबु वाहिरको परिस्थिति बाहेक यस प्रकारको गतिविधिबाट दोस्रो पक्ष, स्थानीय गैर सरकरी सझेदारी संस्था, कर्मचारी तथा यी संग सम्बन्धित सरोकारबालहरु लाई कुनै हानी, नोक्सानी आदि भएका सो को सम्पूर्ण खर्च, लागत क्षतिपूर्ति आदिमा जिम्मेबारी प्रमुख पक्ष हुने भनि सम्पूर्ण क्षतिको जिम्मेवारी प्रथम पक्ष पालिकालाई बनाई गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपाल क्षति तथा हानी नोक्सानीको दायित्व बाट पन्छिएको अवस्था छ। अतः यस प्रकारको वुदा संसोधन गरी हेफर प्रोजेक्ट नेपाल र पालिकाको जिम्मेवारी स्पष्ट उल्लेख हुनपर्छ ।	
73.	**बिमा सम्बन्धमाः** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले निर्माण सामाग्री, प्रयोग गरिने प्लाण्ट, मेशिन औजार एवं निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च समेतको विमा गराउनु पर्ने व्यवस्था छ। निम्न बमोजिमको निर्माण व्यावसायिहरु ले ठेक्का सम्झौताको आइटममा विमाको व्यवस्था भएतापनि विमा नगरेकोले नियमानुसार विमा गराउनु पर्छ ।	

सि.नं	निर्माण व्यावसायिको नाम	कामको विवरण	सम्झौता रकम
१	विष्णु देवि निर्माण सेवा	काला ओडार खानेपानी तथा सरसफारइ आयोजना	८९७९१७५

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

२	रंजित रञ्जन कन्स्ट्रकसन कम्पनी	माइका थान घर्तिखोला राकि चौर मो.वा.निर्माण	२२०२७३६
३	जोगमा विल्डर्स	फुलबारी अर्जे छापाहिले नेटा सडक	५६७३६२९
४	श्रेष्ठ कन्स्ट्रक्सन	सिमलटारी ड्यास अर्खवाङ सडक	२१८३७५९
५	श्रेष्ठ कन्स्ट्रक्सन	लिलङ सल्याखर्के दउराली रोड	६३२३०७४

74.	**कोभिड विशेष कृषि कार्यक्रमः** कोभिड-१९ का कारण भविष्यमा वेरोजगारी बढ्न र दिर्घकालमा खद्य संकट पर्न सक्ने बढी प्रभाविन भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई व्यावसायिक खेती,प्रवर्द्धनबाट रोजगारी तथा आय आर्जनमा सघाउने र भारत लगायत विदेशबाट आउने तरकारी आयातलाई घटाई व्यापार घाटामा पनि कम गराउन कोभिड लक्षित व्यावसायिक तरकारी प्रवद्धन कार्यक्रम संचालन तथा वैदेशिक रोजगारीमा गई भारत लगायत अन्य देशबाट फर्केर युवाहरुलाई कृषि क्षेत्रमा रोजगारी श्रृजना गरी भविष्यमा आउन सक्ने खाद्य संकटको समस्या समाधान गर्न समेत सहयोग पुग्ने उद्देश्य राखी विदेशबाट फर्केका र व्यावसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम संचालनको लागी आर्थिक वर्ष को अन्त्यमा रु.४५४००००/-प्राप्त गरी २१२ जनालाई रु.४५४०००० खर्च लेखेको छ । पालिकाले यस कार्यक्रम बाट सहयोग पाउनेहरुको विवरण अभिलेख राखी निरन्तरता दिए नदिएको अनुगमन गरिनु पर्दछ ।	
	सामाजिक सुरक्षातर्फ	
75.	**सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन ।	
76.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।	
77.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ ।	
78.	मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । पालिलकाबाट पेश भएको आर्थिक बिबरण तथा अन्य बिबरण अनुसार सामाजिक सुरक्षा भत्ता वितरणको लागी निकासा भएको रु.८०८१००००/- मा रु.७५९४७४००/- वितरण भई बाँकी रु.४८६२६००/- मध्ये ०७७/५/१८ मा रु.३३५८६००/- मात्र कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गरेको हुदा फिर्ता गर्न बाँकी रु १५०४०००।०० देखिएकोमा पालिकाले अनुदान रकम निकासा खर्च र फिर्ताको बिबरणमा सामाजिक सुरक्षामा खर्च रु ७७४५१४००।०० उल्लेख गरेको कारण आर्थिक बिबरणमा भन्दा रु १५०४०००।०० बढी खर्च उल्लेख गरी सोहि रकम बराबर कम फिर्ता गर्नु पर्ने देखाइएको सम्बन्धमा पालिकाले यकिन गरी सो रकम समेत फिर्ता गर्नुपर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	विपद् व्यवस्थापन	
79.	**कार्ययोजना :** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७(२) तथा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमाली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने बजेट विनियोजन गर्न लगाउने सवै पक्षको समन्वय र संलग्न गराउने।विपद पुर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने ऐन वमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अध्यावधिक गर्ने विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागु गरी गर्ने, गराउने सम्बन्धि व्यवस्था छ।पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गरेको पाइएन।ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ ।	
80.	**विपद् व्यवस्थापन कोष** : विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनकव लागी प्रत्येक स्थानीय तहका विपद् व्यवस्थापन कोष रहने कोषमा रहने रकम तथा कोषको संचालन सम्बन्धि व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ।पालिकाले विपद् व्यवस्थापन कोषको छुट्टै हिसाव किताव राखी आम्दानी खर्च गरेको देखिएन।पालिकाको चालु तथा पूजिगतबाट कोरोना रोकथाम नियन्त्रणका लागी खर्च गरी कोराना -१९ को आम्दानी खर्चको विवरण सम्म तयार गरिएको छ ।पालिकाले विपद् व्यवस्थापनको लागी छुट्टै आम्दानी खर्चको श्रेस्ता तथा अभिलेख राख्नुपर्दछ ।	
81.	**वार्षिक प्रतिवेदन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ,४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ।पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन।ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
82.	**सरकारी तथा सार्जवजनिक जग्गा संरक्षण हक हस्तान्तरण उपयोग तथा-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा गाउपालिका तथा नगरपालिकले आफ्नो क्षेत्रभित्रको सरकारी तथा सामुदायिक सार्वजनिक सम्पतिको रेखदेख मर्मत सम्हार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नोक्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।	
83.	**आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजु :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानिय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदन औल्याइएको विषय वस्तुहरु सुधार भए नभएको परिक्षण गर्न तथा आवश्क कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्दछ र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने उल्लेख भएतापनि पालिकाले आन्तरीक लेखापरीक्षण सम्म गराई प्रतिवेदन लिने कार्य भएको सो प्रतिवेदनमा औल्याइएका विषय वस्तुहरु सुधार भए नभएको परीक्षण गर्ने तथा आवश्यक कारवाही गर्ने लेखापरीक्षण समिति गठन गरेको पाईएन । अतः पालिकाले लेखापरीक्षक समिति गठन गरी आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषय बस्तुहरु सुधार भए नभएको परीक्षण तथा आवश्यक कारवाही गरी प्रमुख समक्ष पेश गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु निम्न छन ।	
83.1.	१४-२०७६/६/९ वडा नं २ को मसलन्द खर्च भुक्तानी गर्दा मोटरसाइकल मर्मत आदेश स्विकृत नगरी	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	मर्मत गरेकोले यसमा सुधार गर्नुपर्छ ।	
83.2.	गो.भौ.नं. २१ २०७६/०६/१० भ्रमण आदेश विवरणमा सम्पुर्ण विवरणहरु भरेको पाईएन, भ्रमण पश्चात भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने कानुनी व्यवस्था भए पनि प्रतिबेदन पेश गरेको पाईएन ।	
83.3.	२२, २०७६।०६।१० कमल अधिकारिलाई गाडिभाडा वापतको रकम भुक्तानि गरिएको , कुनै संझौतापत्र समावेश नगरि लगबुकको आधारमा रकम भुत्तानि गरिएकोले संझौतापत्र समावेश गरेर मात्र भुक्तानी दिनुपर्दछ ।	
83.4.	२६ २०७र६।०६।१० कार्यक्रम खर्च भुक्तानि गर्दा संविधान दिवस तथा आभिमुखिकरण कार्यक्रमका तस्विर तथा बैठक उपस्थिति मात्र संलग्न गरेको पाईयो, अन्य सम्पूण कार्यक्रम तथा बैठकको पनि विलको साथै अन्य कागजात तस्विर (बैठक माइनुट) संलग्न गर्नुपर्ने देखिन्छ ।	
83.5.	३४, २०७६।०७।०५ अनुगमन तथा मुल्याङकन शिर्षक अन्तरगत विभिन्न पदाधिकारि तथा कर्मचारिको आनुगमन तथा भ्रमण पश्चात भ्रमण प्रतिवेदन पेश गरेको पाईएन ।	
83.6.	८५ र ९९।२०७६।०९।२५ गडी भाडा वापतको रकम भुक्तानी गर्दा राजकुमार घर्तिमगरको सवारिचालक अनुमतिपत्र संलग्न गर्नुपर्ने देखिन्छ । सवारि भाडा दैनिक रु ७००० का दरले संझौता गरेकोमा ३ दिन कुन कुन कामको लागि प्रयोग गरिएको खुलाउनुपर्ने गरि सवारि लगबुक भरेर पेस गर्नु पर्ने अनुसारको रकम १८३६२६ मध्ये राष्टिय वाणिज्य बैंक मा जम्मा गरेको १०१६१६ को मात्र बैक भौचर संलग्न गरेको तर ना.ल कोष , कर्मचारि सञ्चयकोष मा जम्मा गरेको रकम को भौचर संलग्न नभएकोले पेश गर्नुपर्दछ।	
83.7.	१०६, २०७६।१०।०५ गा.पा.को करार सेवामा कार्यरत कर्मचारीको तलब भुक्तानिमा नियुक्ति पत्र हाजिरि लगायतका प्रमाणका आधारमा गर्नुपर्ने देखिन्छ ।	
83.8.	२०७६।१०।२९ सुचना प्रकाशन वापतको रकम भुक्तानिमा सुकर्म मिडिया प्रालि लाई गा.पा. ले सुचना प्रकाशन गर्न दिएको आदेशपत्र संलग्न नभएको उक्त मिडियावाट सुचना विज्ञापन प्रकाशन गर्दा लाग्ने वार्षिक स्विकृत दररेट संलग्न नगरी भुक्तानी दिएकोले यसमा सुधार हुनुपर्दछ ।	
83.9.	१२७, २०७६।१०।२९ लक्ष्मि सरस्वति स्टोर्सको विल भुक्तानिमा कार्यालय सामाग्रीवाट भुक्तानि भएको तर माग फारम खरिद आदेश, दाखिला रिपोर्ट संलग्न गरेको छैन ।	
83.10	३१४, २०७७।०२।१६ विज्ञापन छपाईमा बुटवल मिडिया प्रालिलाई भुक्तानि भएको रकम रु२८,०९८।०० गो भौ ३१८ (पत्र पत्रिका छपाईमा मिडिया विज्ञापन एजेन्सी) रु.५२२०६ विज्ञापन छपाउन गा.पा.को अनुरोध पत्र , बुटवल मिडिया प्रा लि को बार्षिक स्वीकृत विज्ञापन तथा शुभकामना छपाईको दररेट समावेश नभएको, सरकारी कार्यलयको विज्ञापन छपाईमा विशेष छुटको व्यवस्था हुनुपर्नेमा कुनै पनि छुट रकम विलमा उल्लेख भएको नदेखिएकाले यसमा सुधार हुनु पर्दछ।	
83.11	३५४, २०७७।०२।२७ कार्यालय सामाग्री खरिदमा रेसुङगा इलेक्ट्रिकल्सलाई भुक्तानी भएको रु ३८५०० टुक्रे विल बनाई कारोवार भएकोले सुधार गर्नुपर्ने देखिन्छ।	
83.12	३५५,२०७७।०२।१७ कार्यलय सामाग्री वापतको रकम भुत्तानी गर्दा श्रद्धा मल्टी ट्रेड सेन्टरको आ व ०७५/७६ को कर चुक्ता प्रमाणपत्र समावेश गरेको छैन ।	
83.13	४२१, २०७७।०३।१७ क्विक लिंक ट्रेडिङ एण्ड सभिर्सेजलाई भुक्तानी भएको कार्यालय सामाग्री खरिद वापतको रकम रु५३,५८८।०० भुक्तानी दिएकोमा साधारण माउसको प्रति गोटा रु.४०० र डाटा केवल प्रति गोटा रु१०००/-भएको पाईएकोले सामानको मुल्य अधिक भइ अस्वाभाविक पाइएकोले कार्यलयले स्पष्ट गर्नुपर्दछ ।	
83.14	४२३, २०७७।०३।१८ अनमोल कम्प्युटरलाई भुक्तानी भएको रु१,२५,३९६ कोटेशन विना खरिद गरेको , वास्तविक वजार मुल्य भन्दा अधिक दर रेट राखेर खरिद गरेको पाइएकोले यस सम्बन्धमा पालिकाले स्पष्ट गर्नुपर्दछ	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
83.15	४३३, २०७७।०३।१९ वडाचौर चैतमुला लघु जलविद्युत आयोजना लाई आर्थिक सहायता भुक्तानी गर्दा टिप्पणी आदेश उठाई सदर गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यपालिकाको निर्णय भएको बैठकको पूर्ण माइनुट उपस्थिति मिति समेत भएको कागजात समावेश गरी खर्च लेख्नुपर्नेमा सो गरेको पाइएन ।	
83.16	३५४, २०७७।०२।२७ कार्यालय सामाग्री खरिदमा रेसुङगा इलेक्ट्रिकल्सलाई भुक्तानी भएको रु ३८५०० टुक्रे विल बनाई कारोवार भएकोले सुधार गर्नुपर्ने देखिन्छ।	
83.17	३५५, २०७७।०२।१७ कार्यलय सामाग्री वापतको रकम भुत्तानी गर्दा श्रद्धा मल्टी टे«ड सेन्टरको आ व ०७५/७६ को कर चुक्ता प्रमाणपत्र समावेश गरेको पाइएन ।	
83.18	४२७, २०७७।०३।१८ सुचना प्रबिधि अधिकृतको बैशाख, जेठ र असारको भुक्तानि रु१,११,७२० सेवा करार क्षेत्रमा कार्यरत कर्मचारिको तलब भुक्तानि तलब शिर्षक नं २११११ बाट लेखांकन गरेको नियमित देखिएन ।	
83.19	४२८, २०७७।०३।१८ मालिका गा पा को कारार सेवामा कार्यरत MIS operater र Field operater को असार महिनाको तलब रु ५४,८१०।०० भुक्तानि तलब शिर्षक नं २११११ बाट भएकोले नियमित देखिएन ।	
83.20	४४४, २०७७।०३।२३ सुचना प्रशारण बापतको रकम रेशुङ्गा टिभि लाई रु.१००००/- भुक्तानि भएकोमा गाउँपालिकाको आदेश पत्र , मिडियाको बार्षिक स्विकृत दर रेट वेगर खर्च लेखेको हुदाँ यसम सुधार हुनुपर्दछ ।	
83.21	४४५,२०७७३।२४ जय सगरमाथा अटो मोबाईल्स लाई भुक्तानि भएको मोटरसाइकल मर्मतमा मर्मत आदेश स्विकृत नगरि भुक्तानि भएकोले , मर्मत आदेश स्विकृति का साथै मर्मत भएको मोटरसाईकल कसले प्रयोग गरेको छ स्पष्ट खुल्ने गरि कागजात संलग्न गर्नु पर्ने देखिन्छ ।	
83.22	४५७(२०७७।०३।२४ टेन्डरको विज्ञापन छपाई वापतको रकम समानता न्यु विज्ञापन एजेन्सि लाई भुक्तानि भएकोमा मिडियाको स्विकृत दर रेट र रकम बुझेको भर्पाइ संलग्न नगरी खर्च लेखेको देखियो । कागजात संलग्न गरी मात्र खर्च गर्नुपर्दछ ।	
83.23	४९२,२०७७।०३।२८ भि जे टेक मल्टी मिडिया प्रा लिलाई सन्देश मुलक सुचना १ वटाको प्रकाशन गरी १० वटा सुचना विल संलग्न गरी भुक्तानी माग गरेकोमा ५ वटा विलको भुक्तानी गरेकोले ४ वटाको बढी भुक्तानी भएको रकम यकिन गरी असुल गर्नुपर्दछ ।	
83.24	५०३,२०७७/०३/२९ र ५१९,२०७७।०३।३० वडा नं ८ र ४ गा.पा.को सडकको सुपरभाईजरको तलब भुक्तानि दिदा संझौतामा अनिवार्य स्थलगत प्रतिवेदन बुझाउनुपर्ने उल्लेख भएकोमा स्थलगत प्रतिवेदन विना तलव भुक्तानि दिएकोले यसमा सुधार हुनुपर्दछ ।	
83.25	५०८,२०७७/०३/२९ मालिका गा पा को कार्यक्रम प्रशारण गरे वापतको रकम भुक्तानिमा कुन कुन विधा समावेश गरेको, कार्यक्रमको प्रश्तावना अनुसार गाउँपालिकाका गाउँवाशीलाई सु-सुचित वनाउने भनिएको तर दुधराक्ष्य रुपन्देहिको मिडियालाई कार्याक्रम प्रशारण गर्न दिएको, मालिका गा पा को अधिकंश क्षेत्रमा उक्त मिडियाको प्रशारण नसुनिने कारणले उक्त कार्यक्रमको प्रभावकारिता न्युन भएको पाइयो । गुल्मीका स्थानिय मिडियालाई कार्यक्रम प्रशारण गर्न दिएको भए प्रभाबकारि हुनेमा पालिकाले सो कुरामा ध्यान दिएको नपाइनुका साथै विल सक्कल प्रति बिन भुक्तानी दिएको नियमसम्मत देखिएन ।	
83.26	५२४,२०७७/०३/३० मर्मत आदेश स्विकृत नगरि मोटरसाईकल मर्मत गरेको तथा खाना नास्ताको विल अनुसार कुन फिल्डमा कति प्राविधिक गएको स्पष्ट खुलाई पारदर्शिता कायम गर्नुपर्नेमा सो नगरेको साथै लेखा राख्दा ईन्धन रु.५०००, मर्मत रु.५६२० कार्यलय सामाग्रि लगायत स्पस्ट नगरी राख्ने गरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.27	५५७-०७७/३/३१ कोटेशन विना रेसुङ्गा इलेक्टिकल्सबाट फर्निचर इलेक्ट्रिक सामान रु.१३३३३९ को खरिद गरेको नयमसम्मत नभएको रु.	१३३३३९

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
83.28	६०६/०७७/३/३१ हाइस्पिड कम्युटरलाई कुन नेटवर्कीङ्ग गरेको उल्लेख नगरी रु.३६४४५०/- खर्च लेखेको साथै मू.अ.कर ५०% ले रु.१४३८०/- कट्टि गर्नुपर्नेमा नगरेकोले कर समायोजन पेश गर्ने रु.	१४३८०
83.29	१२२-०७७।०३।२५ विद्यालय सामुदायिक अध्ययन केन्द्रलाई विद्यार्थी संख्या शिक्षण विधि सहितको प्रतिवेदन वेगर अनुदान दिने गरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.30	१७५-०७७/३/३१ एक्साइड फर्मेसीलाई ५०% मू.अ.कर कट्टि नगरी भुक्तानी भएकोले कर समायोजन पेश गर्ने रु.	१४३७५
83.31	१७३-०७७/३/३१ विद्यार्थि सख्या छुट हुनुका कारण सहितको प्रमाण संलग्न गर्नुपर्दछ ।	
83.32	१८-०७७/३/३१ पोशाक खरिदको विवरण एवम भरपाई नभएको रु.	६१६३९
83.33	१६-०७७/३/३१ बाखा वितरण कार्यक्रममा दर्लिङ्गमा खरिद भै दर्लिङ्ग मै वितरण गर्दा भाडा ५००००/- खर्च लेखांकन गरी भुक्तानी दिएको हुदाँ ढुवानी खर्चको औचित्य पुष्टी गरी प्रमाण पेश गर्नुपर्दछ ।	
83.34	**<u>कोभिड१९-</u>** २६९-०७६/१२/२१ चाहाना भाडा पसललाई क्वारेन्टाइन व्यवस्थापनका सामाग्री खरिद गरेकोमा वितरण विवरण संलग्न गरेको पाइएन ।	
83.35	२२२-०७७/३/३१ डोर हाजिर प्रमाणित वेगर खर्च लेखेको रु.	३६२१५
83.36	**<u>पूँजीगत तर्फ</u>** १९-०७६/११/२१ अर्जै सडक मर्मतको रकम भुक्तानी गर्दा प्राबिधिक मूल्यांकनमा चेनेज नखुलाएको साथै जे.पि.कन्स्ट्रक्सनलाई मू.अ.कर कट्टी नगरेकोले मू अ कर समायोजन पेश गर्नुपर्ने रु.	२२९५०
83.37	१३,१४-०७६/१०/१८ वडा नं.४ को वाटो मर्मतमा अर्थवर्कको प्राबिधिक मूल्यांकनमा क्याल्कुलेशन चार्टमा चेनेज उल्लेख गरेको पाइएन ।	
83.38	१२-०७६।०९।१२ मालिका वडा नं. १,२,३ लागत अनुमान स्विकृत नगरि कोटेशन समेत नलिइ रू.३,००,६६१.०० को काम गराएको नियमसम्मत देखिएन ।	
83.39	८-०७६/८/१२ सुर्योदय कन्स्ट्रकसनलाई वडा नं १,२,३ को बाटो मर्मत वापत रु.४८३१२८ रकम भुक्तानी गर्दा अर्थवर्कको प्राबिधिक मूल्यांकनमा क्याल्कुलेशन चार्टमा चेनेज उल्लेख गरेको पाइएन ।	
83.40	६-०७६/८/८ काला ओदारको दोस्रो रंगिन विल भुक्तानीमा धरौटी कट्टि रकमको वैक दाखिला भौचर संलग्न नभएको साथै विष्णुदेवि निर्माण सेवा लाई ५०% मु.अ.कर कट्टि नगरेकोले समायोजन पेश हुनुपर्ने रु	१९९५०
83.41	२५-०७६/१२/०५ वार्षिक स्विकृत कार्यक्रममा समावेश नभएको टेलिसेन्टर तथा क्यान्टिन भवन निर्माण गरेको साथै जे.पि. कन्स्ट्रक्सन लाई ५०% मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.42	२६-०७६/१२/९ जनता आवास कार्यक्रममा जस्तापाता वितरणको भरपाई सहित प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन पेश गरेको छैन ।	
83.43	३२-०७७/१/२६ न्यू नेहा इन्टरप्राइजेज लाई ५०% मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.44	४०-०७७/२/१४ जे.पि.कन्स्ट्रक्सनलाई बढी भुक्तानी गरेको असुल गर्न पर्ने रु	९२८७
83.45	५३-०७७/२/२६ जे.पि कन्स्ट्रक्सनलाई ५०% मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.46	५७-०७७/२/२७ ननस्टप कन्स्ट्रक्सनको विजक नम्वर वेगरको विजक जारी भएको हुनाले पालिकाले यस तर्फ ध्यान दिनुपर्दछ ।	
83.47	६७-०७७/३/१ तिखेचुलि पर्यटकिय क्षेत्र पैदल मार्ग निर्माणमा मूल्याङ्कन तथा विल भर्पाइ अनुसार १० बोरा सिमेन्टको बढी भुक्तानी रु.१०४२५ र ढुङ्गाको वल नभएको १० घ.मी को रु.५०० का दरले राजश्व रु.५००० समेत असुल गर्नु पर्नेमा नगरेकोले पालिकाले यकिन गरी असुल गर्नुपर्दछ ।	
83.48	७०-०७७/३/३ मुलावारी गोरेटो वाटोमा ढुङ्गा विल भरपाई नभएको ६६ घ.मी को राजश्व रु.११००० असुल गर्नु पर्नेमा नगरेकोले पालिकाले यकिन गरी असुल गर्नुपर्दछ ।	
83.49	७५-०७७/३/४ सिलाई कटाइ तालिमको लागि खरिद गरिएका ५/५ थान टेवल र मेशिन रु.५५०० को दाखिला भएको नदेखिएकोले पालिकाले प्राप्त गरि दाखिला गर्नुपर्दछ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
83.50	८५-०७७/३/१६ दक्ष कामदारहरुलाई काममा लगाउनु पर्नेमा अदक्षलाई काम गराएको साथै डोर हाजिर फारम समेत प्रमाणीत नभएको कारण सो कामको सम्बन्धमा यकिन गर्न सकिएन ।	
83.51	८६-०७७/३/१६ दक्ष र अदक्ष अनुपात १:४ मा काम गर्नु पर्नेमा २:४ अनुपातमा काम गराएको हुदाँ यसमा सुधार गर्नुपर्दछ ।	
83.52	८६-०७७/३/१६ तमुडाडा शिवालय मन्दिर मर्मत उ.स.ले ढुङ्गा वालुव ढुवानीको भरपाई अनुसार ढुङ्गा वालुवा र टेक्टरको रु.१००० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.53	९०-०७७/३/२८ गौडाथोक वेथ्थला घोडेटोल बाटो उ.स.ले संलग्न गरेको डोरहाजिर फारम स्वीकृत नगरी पेश गरेकोले यसमा सुधार हुनुपर्दछ।	
83.54	९४-०७७/३/१९ मालिका ३ मा संचालित भएको सुधार कार्यक्रममा सिमेन्ट खरिद भन्दा प्राविधिक मूल्याङ्कन बढी भएकोले बढी सिमेन्ट कामको रु.१२७१८५/- र ढुङ्गा २१ ट्रिपको राजश्व रु.१०५०० असुल गर्नुपर्ने साथै ७८ गोठ काम सम्पन्न भएको लाभान्वित परिवारको विवरण सहित भरपाई पेश गर्नुपर्दछ ।	
83.55	९५-०७७/३/१९ अर्थवाङ सामुदायिक कुलो मर्मत उ.स. विल भरपाई नभएको ३ ट्रिप ढुङ्गाको राजश्व १५०० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.56	९७-०७७/३/२९ मू.अ.कर विजक जारी नगराइ पशु औषधि रु.४९९५४३।०० को खरिद गरेको नियमसम्मत देखिएन ।	
83.57	९८-०७७/३/१९ मालिका र मैदान देखि कोट जाने सिढी निर्माणमा सिमेन्ट वढी मूल्यङ्कन गरेको रु.५२१२ असुल गर्नु गर्नु पर्ने रु	५२१२
83.58	१०३-७७/३/२२ महिला विकास कार्यक्रम एक घर करेसावारीमा विना प्रतिस्पर्धा रु.२००००० को विउ खरिद गरेको नियमसम्मत देखिएन ।	
83.59	११०-०७७/३/२२ भ्यालुएसन क्यालकुलेसन सिट तयार नगरी मूल्याङ्कन गरेको साथै जे.पि. कन्स्ट्रक्सन लाई ५०% मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.60	१२०-०७७/३/२५ ३ टेक्टर वालुवाको राजश्व रु.१५०० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.61	१२२-०७७/३/२५ वालुव गिट्टी ७ ट्याक्टर ३२५०० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.62	१३०-०७७/३/२९घमिर खोला मर्मत उ.सलाई भुक्तानी गर्दा ३*१*१ को ५ वटा जालि भएको ढुङ्गा तथा जालिको विल भरपाई नभएकोले रु.२०६४०/- असुल गर्नुपर्ने साथै ५ ट्रिप ढुङ्गाको राजश्व रु.२५०० असुल नगरेकोले पालिकाले यकिन गरी असुल गर्नुपर्दछ ।	
83.63	१३४-०७७/३/२८ अर्थवर्कको भोलुम क्यालकुलेसन सिट तयार नगरी प्राबिधिक मूल्याङ्कन गरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.64	१३५-०७७/३/२८ अर्थवर्कको भोलुम क्यालकुलेसन सिट तयार नगरी प्राबिधिक मूल्याङ्कन गरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.65	१३८-०७७/३/२९ ट्रिप ढुङ्गाको राजश्व १४५०० बुझाएको प्रमाण नभएको साथै डोर हाजिर फारम प्रमाणित गरेको नदेखिएकोले यसमा सुधार हुनुपर्दछ।	
83.66	१४३-०७७/३/३० ट्रिप ढुङ्गाको रु.३००० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.67	१४५-०७७/३/३० ४ ट्रिप ढुङ्गाको रु.२००० राजश्व वुझाएको प्रमाण नभएको संलग्न गरेको पाइएन ।	
83.68	१४६-०७७/३/३० वैठक भत्ता नास्ता विल खर्च गर्दा वैठकको माइन्युट स्थान मिति उपस्थित संख्या सहितको कागजात संलग्न नगरी खर्च लेखांकन गरेको हुनाले यसमा सुधार हुनुपर्दछ ।	
83.69	१५२-०७७/३/३० जे.पि. कन्स्ट्रक्सन लाई ५०% मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
83.70	१५३-०७७/३/३० ४ ट्रिप ढुङ्गाको रु.२००० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.71	१५४-०७७/३/३० २ ट्रिप ढुङ्गाको रु.१००० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.72	१५७-०७७/३/३० १० ट्रिप ढुङ्गाको रु.५००० राजश्व बुझाएको प्रमाण नभएको साथै जालि खरिद भन्दा वढी मूल्याङ्कन गरी रु.४०२४८/- वढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु.	४०२४८
83.73	१६०-०७७/३/३० अर्थवर्कको भ्यालुएसन सीट नभएको साथै विष्णु देवी निर्माण सेवालाई ५०% मू.अ.कर कट्टी नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.74	१६०-०७७/३/३० अर्थवर्को भ्यालुएसन सिट नभएको साथै विष्णु देवी निर्माण सेवालाई ५०% मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.75	१६१-०७७/३/३१ अर्थवर्को भ्युएसन सिट नभएको साथै विष्णु देवी निर्माण सेवालाई ५०% मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.76	१६४-०७७/३/३० १५ ट्रिप ढुङ्गाको रु.७५०० राजश्व बुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.77	१६५-०७७/३/३० खडग मन्दिर शौचालय निर्माणमा खरिद भन्दा मूल्याङ्कनमा सिमेन्टको काम बढी देखिएकोले असूल गर्नु पर्ने रु.	४१७०
83.78	१६८-०७७/३/३० ६-६ घ.मि ढुङ्गाको राजश्व रु.१००० बुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.79	१६९-०७७/३/३० ढुङ्गा ५ घ.मि. को राजश्व दाखिला प्रमाण संलग्न गरेको पाइएन ।	
83.80	१७०-०७७/३/३०, १६ ट्रिप ढुङ्गाको रु.८००० राजश्व वुझाएको प्रमाण नभएको खरिद भन्दा वढी सिमेन्टको काम मूल्याङ्कन भएकोले असुल गर्नु पर्ने रु.	३१२७
83.81	१७१-०७७/३/३० ३९ ट्रप ढुङ्गाको रु.१९५०० राजश्व दाखिला प्रमाण संलग्न गरेको पाइएन ।	
83.82	१८५-०७७/३/३१ फरक फरक किसिमको चापकटर वितरण गर्दा सवै किसानले औषत दरमा रकम बुझाएको पाइएकोले यस सम्बन्धमा पालिकाले स्पष्ट गर्नुपर्दछ ।	
83.83	२०६-०७७/३/३१ डोर हाँजिर स्वीकृत नभएको साथै विना प्रतिस्पर्धा सामान खरिद गरेको नियमसम्मत देखिएन।	
83.84	२१०-०७७/३/३१ माझरुके अर्चेटोल घोडेटो उ.स.ले जालि खरिदको विल भरपाई नभएको .५६७६ र ट्रेक्टर ढुङ्गाकव राजश्व १०००/- वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.85	२०९-०७७/३/३१ ५ ट्रिप ढुङ्गाको राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.86	२१०-०७७/३/३१ वालुवा ढुङ्गाको रु.४००० भरपाई बनाएको तर राजश्व तिरेको प्रमाण संलग्न गरेको पाइएन ।	
83.87	२११-०७७/३/३१ ढुवानी भाडा रु.१४५०० को वाहल कर कट्टि नगरेको रु.	१४५०
83.88	२१२-०७७/३/३१ मालिका निर्माण सेवाको कर विजकमा ५०% मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.89	२१३-०७७/३/३१ ननस्टप कन्स्ट्रक्सनको विजक नं हस्तलिखित पेश भएको आधारमा भुक्तानी दिएको नियमसम्मत नभएकोले यसमा सुधार हुनुपर्दछ ।	
83.90	२१५-०७७/३/३१ जे.पि.एण्ड कन्स्ट्रक्सनलाई सडक मर्मतमा प्राबिधिक मूल्यांकनमा चेनेज उल्लेख नगरी मूल्याङ्कन गरेको आधारमा भुक्तानी दिएको नियमसम्मत देखिएन ।	
83.91	२१७-०७७/३/३१ श्रृजना लक्ष्मी इन्टरप्राइजेज लाई ५०% मु.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.92	२२१-०७७/३/३१ वडा नं. २ दर्लिङ्गको बाटो मर्मत वापत मूल्याङ्कन भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने	२१६०
83.93	२२४-०७७/३/३१ उल्टेकुलो कलर्भट तथा ढल निर्माणमा ढुङ्गा गिटि ३ टेक्टरको राजश्व १५००	६७७६

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	वुझाएको प्रमाण नभएको साथै मूल्याङ्कन अनुसार ६.५ वोरा सिमेन्टको बढी भुक्तानी असुल गर्नुपर्ने रु.	
83.94	२२५-०७७/३/३१ ४ ट्रिप ढुङ्गाको रु.२००० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.95	२२६-०७७/३/३१ ट्रिप ढुङ्गाको रु.२००० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.96	२२७-०७७/३/३१ चुदार खोला देविस्थान मन्दिर मोटरबाटो उ.स.ले ९ ट्रिप ढुङ्गाको रु.४५०० राजश्व वुझाएको प्रमाण नभएको साथै खरिद सिमेन्ट भन्दा वढी मुद्य्याङ्कन भएको १३ बोरा सिमेन्ट कमको रकम असुल गर्नुपर्ने रु.	१३५५२
83.97	२३३-०७७/३/३१ अमर मा.वि. नेटा वाल निर्माण उ.स. लाई खरिद भन्दा वढि मुल्याङ्कन गरेको १३ वोरा सिमेन्टको कामको असुल गर्नुपर्ने रु.	३१०५६
83.98	२४१-०७७/३/३१ टूनिखोला खा.पा. एक घर एक धारा उ.स.ले ९ ट्रिप वालुवाको राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.99	२४२-०७७/३/३१ उपल्लो मुल तल्लो मूल खानेपानी मर्मत उ.स.लाई खरिद भन्दा वढी मूल्याङ्कन भएको ५ बोरा सिमेन्टको कामको रकम असुल गर्नुपर्ने रु.	४२५०
83.10	२४४-०७७/३/३१ जलजला स्किम नं.१ धारा व्यवस्थापन उ.सको सिमेन्ट खरिद विल नभएको रु.३८२५० गीटी वालुवाको राजश्व दाखिला प्रमाण संलग्न गरेको पाइएन ।	
83.10	२६१-०७७/३/३१ सिमलटारी दक्सुमारे सडक मर्मतमा १४ टेक्टरको राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.10	२४८-०७७/३/३१ मालिका सप्ता वगैचा निर्माणको स्विकृत नभएको ढुङ्गाको रु.१००० राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.10	२५३-०७७/३/३१ खडग मन्दिर गेट तथा वाउन्ड्रि निर्माण उ.स.लाई मूल्याङ्कन भन्दा वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने	७५८३
83.10	२५९-०७७/३/३१ नमता खेल मैदान निर्माण उ.स.ले ४ ट्रिप ढुङ्गाको राजश्व वुझाएको प्रमाण नभएको सिमेन्ट खरिद भन्दा सिमेन्टको कामको बढी मुल्याङ्कन भई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	१९५७८
83.10	२६४-०७७/३/३१ ठुलिचौर स्वास्थ्य चौकि भवन मर्मतमा पेन्टिङ्गको विल भन्दा मुल्याङ्कन बढी भएकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु	२४५७३
83.10	२६५-०७७/३/३१ पौ.मोटर बाटो उ.स.ले ५ ट्रिप ढुङ्गाको रु.२५०० राजश्व वुझाएको प्रमाण नभएको र भ्यालुएसन सिट र क्वान्टिटि सिटमा फरक पारी रकम नरम प्रकारको माटोमा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	१९५०
83.10	२६९-०७७/३/३१ देविस्थान मन्दिर निर्माण समिति लाई खरिद भन्दा बढी मुल्याङ्कन गरि इट्टा र छडको वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	६५१०५
83.10	२७०-०७७/३/३१ ढुवानी रु.४३००० मा वाहाल कर कट्टि नगरेको रु	४३००
83.10	२७१-०७७/३/३१ भोलुम क्यालकुलेसन सिट नराखी खर्च गरेको साथै एस.एस.कन्स्ट्रकसन लाई ५०% मु.अ.कर कट्टि नगरेको रु	९११६
83.11	२७३-०७७/३/३१ भोलुम क्यालकुलेसन सिट नराखी खर्च गरेको साथै एस.एस. कन्स्ट्रक्सन लाई ५०% मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	
83.11	२७६-०७७/३/३१ गिट्टि वालुवाको राजश्व वुझाएको प्रमाण संलग्न गरेको पाइएन ।	
83.11	२८१-०७७/३/३१ भोलुम क्यालकुलेसन सिट संलग्न नगरेको साथै सुर्योदय कन्स्ट्रक्सन लाई ५०% मू.अ.कर कट्टि मू.अ.कर कट्टि नगरेकोले यसमा सुधार हुनुपर्दछ ।	

कोभिड -१९ तर्फ

84. (१) पालिकाबाट प्राप्त विवरण अनुसार कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ आषाढ मसान्त सम्म आम्दानी रु.१२९३४०५८/- मा रु.१११४४९२५/- खर्च भएको आम्दानी खर्चको विवरण पेश भएको छ ।

बजेट/आम्दानीको श्रोत	रकम	खर्च शीर्षक	रकम
संघीय संचित कोषबाट	४१९७२५	राहत वितरण	६११६१६६
प्रदेश संचित कोषबाट	१००००००	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	२७७६१६३
स्थानीय तहको आफ्नै वजेटवाट विनियोजन भएको	१११६८३९५	आइसोलेसन केन्द्र निर्माण व्यवस्थापन	२०००००
अन्य स्रोतबा ६(जनसहयोग) प्राप्त	३४५९३८	आइसोलेशन केन्द्र निर्माण व्यवस्थापन	३४४९८३
		औषधि एवं स्वास्थ्य सामाग्री खरिद	१५०७६१३
		वाकि	१०८३९९९
जम्मा	**१२९३४०५८**		**१२९३४०५८**

(क) **बैक नगदी किताव नराखेको :** स्थानीय तह सरकार सैचालन भन २०७४ को दफा ७६(२) बमोजिम स्थानीयतहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाचामा राख्नु पर्ने उल्लेख छ । हरेक कारोवारको आम्दानी खर्चको प्रारम्भिक अभिलेख गोश्वरा भौचर उठाइ सो भौचर अनुसार वैक नगदि किताबमा प्रवीष्टी गर्नुका साथै शीर्षकगत आम्दानी खर्चको अभिलेख राख्नु पर्दछ । तर पालिकाले कोभिड -१९ रोकथाम नियन्त्रणको लागी प्राप्त भएको रकम आम्दानि वाँधि खर्च लेखि छुट्टै स्रेस्ता तयार गरेको छैन।पालिकाले कोभीड -१९ रोकथाम नियन्त्रणका लागी गाउपालिका चालु तर्फको बजेट बाट रु.२९९२८०९/- र पूजिगत तर्फको बजेट वाट रु.८४७७२८४/-खर्च भएको छ।जस अनुसार कोभिड-१९रोकथाम नियन्त्रणको लागी रु.११४७००९३/-खर्च भएकोमा पालिकाले आम्दानी खर्चको विवरणमा कोभिड-१९ को लागी रु.१०९४४९२५/-उल्लेख गरिएको छ । अत खर्चको अभिलेख र आम्दानी खर्चको विवरणमा रु.५२५१६८/- फरक पारी विवरण तयार भएको देखियो ।

(ख) पालिकाले आम्दानी खर्चको विवरणमा उल्लेख गरिएअनुसार शिर्षकगत आम्दानी खर्चको अभिलेख नराखेको कारण शिर्षकगत आम्दान खर्च भिडान गर्न सकिने स्थिति छैन । अतः पालिकाले शिर्षकगत आम्दानी खर्चको अभिलेख राख्नु पर्दछ ।

(ग) पालिकाबाट प्राप्त भएको आम्दानी खर्चको विवरणमा खर्च तर्फ कच्चावारी जोड रु.१०९४४९२५/- मा वाकी रु.१०८३९९९/- समावेश गर्दा रु.१२०२८९२४/- मात्र हुनेमा रु.१२९३४०५८/- उल्लेख गरिएको ले बढी खर्च उल्लेख गरिएको रु.९०५१३४/- हिसाव मिलान हुनुपर्ने रु. ९०५१३४

85. **जोखिम आंकलन र पूर्व तयारीः** पालिकाले कोभिड-१९महामारीको जानकारी पश्चात गर्नुपर्ने तयारीहरु प्रवेश विन्दुमा निगरानी, प्रवेश विन्दुमा स्क्यानीङ्ग, समुदायतह स्क्यानिङ्ग, इमरजेन्सि रेस्पोन्स टिम परिचालन क्वारेन्टाइन व्यवस्थापन, आइसोलेशन केन्द्र स्थापना सम्बन्धितका कार्यहरुको कार्ययोजना तयार गरि कार्य गर्ने गरी कार्ययोजना तयार गरेको छैन ।

86. **जोखिम आंकलन र पूर्व तयारीः** पालिकाले कोभिड-१९महामारीको जानकारी पश्चात गर्नुपर्ने तयारीहरु प्रवेश विन्दुमा निगरानी, प्रवेश विन्दुमा स्क्यानीङ्ग, समुदायतह स्क्यानिङ्ग, इमरजेन्सि रेस्पोन्स टिम परिचालन क्वारेन्टाइन व्यवस्थापन, आइसोलेशन केन्द्र स्थापना सम्बन्धित का कार्यहरुको कार्ययोजना तयार गरि कार्य गर्ने गरी कार्ययोजना तयार गरेको छैन ।

87. **जोखिम भत्ताः** नेपाल सरकारद्वार जारी भएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को दफा ७(ङ) मा अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तालाई नेपाल सरकराले तोकेको शुरु तलव स्केलको ५०% र कन्ट्याक ट्रेसिङमा खटिएका स्वास्थ्य कर्मी क्वारेनटाइनमा खटिएका जनशक्तिलाई ७५% जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरणमा ५६ जना स्वास्थ्यकर्मी लाई रु.२३९२३७५/- प्राविधिक कर्मचारी ५ जनालाई रु.९३३५८/- र प्रशासनिक कर्मचारी २७ जनालाई रु.११४५६०७/- गरी

रु.३६३१३४०/- खर्च लेखेको छ ।

88. **क्वारेन्टिन र आइसोलेशन व्यवस्थापन** पालिकाले २३ वटा विद्यालयमा क्वारेन्टिन (होल्डिङ्ग सेन्टर) संचालन गरी जम्मा ३५७ वेड संख्याराखी दैनिक रुपमा अधिकतम २५१ जना होल्डिङ सेन्टरमा वसी २०७७ आषाढ मसान्त सम्म ५१६जनावसेको विवरण प्राप्त भएको छ।आइसोलेशन स्थापना गरेको देखिएन।क्वारेन्टिन होल्डीङ सेन्टरको लागी रु.३३,२१,१४६/- खर्च भएको विवरणमा उल्लेख छ। क्वारेन्टिन निर्माणका लागी त्तकाल आवश्यक सामाग्री हरु के के हुन सो को विवरण तयार गर्न सकेको अवस्था छैन।पालिकाले होल्डीङ सेन्टर व्यवस्थापनका लागी पूर्व तयारी तथा सामाग्रीको आवश्यकताको पहिचान नगरी कर्मचारी /पदाधिकारी मार्फत सोझौ खरिद गरिएको छ।अत पालिकाले विपदको लागी तत्काल आवश्यक सामाग्री व्यवस्थित रुपमा आपूर्ति गरी संचालन गर्न आवश्यकताको पहिचान गरी सार्वजनकि खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ मा व्यवस्था अनुसार विशेष परिस्थितिमा खरिद गर्ने विधि अवलम्बन गरि व्यवस्थित तरिकाले खरिद गर्नु पर्दछ ।

89. **राहत वितरण सम्बन्धमा :**

(क) पालिकाले लकडाउनका कारण दैनिक ज्यालादारी मजदुरी गर्ने असहाय अति विपन्न वर्ग तथा दैनिक गुजारा चलाउन नसक्ने परिवारलाई राहत उपलब्ध गराउन आवश्यक तथ्याङ्क तथा विवरणको आधारमा आवश्यक सामाग्रीहरुको पहिचान गरी सार्वजनिक खरिद ऐन २०६३को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विशेष परिस्थितिम खरिद गर्ने विधि अवलम्वन नगरी पहिला चरणको राहत वितरण गर्न वडा का कर्मचारी पदाधिकारी बाट आपर्तिकर्ताहरु संग सोझै रु.१४४८१०१/- को दरिख गरी वितरण भएको छ।दोस्रो चरणको लागी राहत सामाग्री ७५००० केजी चामल रु.३२०७२४९/- र आपूर्तिकर्ता सरस्वती सप्लायर्स बाट सनफ्लावर तेल २५०० लिटर नुन २५०० केजी दाल ७५ केजी क्रमस रु.४१३६११/-,४७५००/- र ५६२५००/- गरी रु.१०२३६११/- को सोझौ खरिद गरेको देखियो।यस प्रकास राहत सामाग्री विवतरण गर्न पहिलो चरणको लागी रु.१४४८१०१/- र दोस्रो चरणको लागी रु.४२३०८६०/- गरी रु.५६७८७६१/-सोझौ खरिद गरेको छ । अत पालिकले सार्वजनिक खरिद भन २०६३ तथा नियमावली २०६४ को खरिद विधि अवलम्बन नगरी खरिद गरेको देखियो ऐन नियमको पालना गरी व्यवस्थित रुपमा खरिद कार्य गर्नुपर्दछ ।

गो.भौ.नं. मिति	कर्मचारी /पदाधिकारी	वडा नं.	आपूर्तिकर्तको नाम	रकम
		पहिलो चरण		
३१३-०७७/२/१५(चालु)	सुनिल थापा	१	लक्ष्मी फेन्सि तथा किराना पसल विराट सपिङ्ग सेन्टर निरज स्टोर्स	२१२१९६
२५५-०७७/१/१४ (चालु)	ढलेन्द्र पुन	२	मनकामना स्टोर्स पविना इन्टरप्राइजेज राधा किराना तथा कपडा पसल	१६७४९६
२६७-०७७/१/१८ (चालु)	विर बहादुर विश्वकर्मा	३	राधा किराना तथा कपडा पसल मनकामना स्टोर्स पवित्रा इन्टरप्राइजेज	२२११५०
२५८-०७७/१/१८ (चालु)	मनिराम उपध्याय	७	न्यु नविन स्टोर्स वुढाथोकी सप्लायर्स	१६९१७४
४२-०७७/२/१६ (पूजी)		४	केशव कमल स्टोर्स	९११६७
		५	केशव कमल स्टोर्स	९११३५
		६	केशव कमल स्टोर्स र कार्की स्टोर्स	१७६१४५
		८	केशव कमल स्टोर्स	३१९६३८
			पहिलो चरणको	**१४४८१०१**
		दोस्रो चरण		
२६६-०७७/१/१८(चालु)			महाशक्ति एग्रो इन्डष्ट्रिज	१७३८३३०
३४-०७७/१/१९(पूजी)			महाशक्ति एग्रो इन्डष्ट्रिज	१०१३४९०
५०-०७७/२/२२(पूजी)			महाशक्ति एग्रो इन्डष्ट्रिज	४५५४२९
२२२-०७७/३/३१	मिन वहादुर खड्का		स्वारस्वति सप्लायर्स	१०२३६११
			दोस्रो चरणको जम्मा	**४२३०८६०**

(ख) पालिकाले दोस्रो चरणको लागि निम्न वमोजिक आपूर्तिकर्तावाट खरिद गरिएको मध्ये वितरण भएको उल्लेख गरिएको छ।उक्त राहत सामाग्री कुन कुन वडामा के कति परिवारलाई वितरण भएको हो सो को प्रमाण पेश हुनुपर्ने रु.

आपुर्तिकर्ताको नाम	सामाग्रीको विवरण	खरिद परिमाण	रकम	वितरण परिमाण	खरिद अनुसारको रकम
महाशक्ति एग्रो इन्डष्ट्रिज	परमल चामल	७५०००के.जी	३२०७२४९	६५४६०	२७९९२८७
सरस्वति सप्लायर्स	दाल	७५००केजी	५६२५००	७१७६	५३८२००
सरस्वति सप्लायर्स	तेल	२५०० लि.	४१३६११	२२०७	३६५१३६
सरस्वति सप्लायर्स	नुन	२५०० के.जि	४७५००	१३६०	२५८४०
जम्मा			४२३०८६०		३७२८४६३

३७२८४६३

(ग) पालिकामा राहत वितरण व्यवस्थापन समितिको वैठक मिति २०७७/४/२३ र ०७७/४/२४ मा वसी वाकी परिमाण राहत सामाग्री लिलाम गर्ने निर्णय गरेको छ ।उक्त राहत सामाग्री खरिद दरको हिसावले रु.५०२३९७/- देखिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विशेष परिस्थितिमा खरिद गर्ने विधि अवलम्बन गरी आवश्यक मात्रमा मात्र आपूर्ति गर्ने गरी खरिद विभि अवलम्बन गर्न नसक्दा राहत वितरण गर्नको लागी आवश्यक भन्दा बढी खरिद भई पालिकालाई हानि नोक्सानी पुगेको छ । वाँकी राहत सामाग्री लिलाम गर्ने कार्य पनि भएको अवस्था देखिएन । अत पालिकाले आवश्यक प्रक्रिया अपनाई व्यवस्थापन गर्नु पर्ने राहत सामाग्री रु.

राहत सामाग्री विवरण	परिभाषा	रकम
परमल चामल	९५४० केजी	४०७९६२
दाल	३२४ केजी	२४३००
लेत	२९३ लि.	४८४७५
नुन	११४० के.जि	२१६६०
जम्मा		५०२३९७

५०२३९७

90. **केश अनुसन्धान तथा कन्ट्रयाक खोजपड्ताल** पालिकाबाट प्राप्त विवरण अनुसार १ टिम परिचालन गरी २९१ जना खोजपड्ताल गरी खोजपड्तालबाट पहिचान भएको संक्रमित ३४ जना रहेको उल्लेख गरिएको छ ।

91. **औषधि स्वास्थ्य सामाग्री एवं उपकरण** : पालिकाले कोभिड-१९ रोकथाम नियन्त्रणका लागि आवश्यक पर्ने औषधि स्वास्थ्य सामाग्री एवं उपकरण पहिचान गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ वमोजिम विशेष परिस्थितिमा अवलम्बन गर्नुपर्ने खरिद विधि नअपनाई ९ वटा आपुर्तिकावाट पटक पटक रु.१६९९२६३/- को खरिद गरेको देखियो । पालिकाले खरिद ऐन तथा नियमावलीमा भएको खरिद विधि अवलम्बन नगर्दा एउटौ सामान फरफ फरम मूल्यमा खरिद भएको देखिन्छ । अत : पालिकाले खरिद ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसारको खरिद विधि बाट खरिद गरी नियमको पालना गर्नुपर्दछ ।

आपूर्तिकर्ताको नाम	रकम	खरिद मध्ये मुख्य सामान	परिमाण	दर
कृष्ण इन्टरनेशनल	४५४०५८	पि.पि सेट	११	२३००
		स्यानीटाइजर १५०एमएल	४००	१७८
आदर्श इन्टरनेशनल	५२५००	स्यानिटाइजर ५००एम.एल	५०	४६८
महेश फर्मा	४०११५			
शरण मेडिसिन डिस्ट्रव्यटर्स	२४६२४०	पिपिइ सेट KN95 माक्स KN95 माक्स	५ सेट ४०० ३४०	५००० १९० ४६०
समुद्र मेडिको फर्मा	४९२६९६			
एवन फर्मा	३०३५४			
एक्साइड फार्मेसी	१९२५००	स्यानिटाइजर ५००एम.एल	४८	५७५
सार्क मेडिको कन्सर्न	५५२००			
लियोन एपियल प्रा.लि	१३५६००	पेपर मक्स	५० प्याकेट	१२००
	१६९९२६३			

92. २७२-०७७/३/३० वडा नं. २ का वडा सचिव ढालेन्द्रपुन लाई क्वारेन्टाइ नसंचालन तथा व्यवस्थापनको रु.३४१७५४/- खर्च लेखेको मध्ये क्वारेन्टाइनमा वसेकाहरुलाई रु.२९०१००/- खाना खर्चको लागी दिइएको खर्च रकमको प्रमाण वेगर खर्च लेखेको सम्बन्धितलाई रकम बुझाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नु रु. — २९०१००

93. २२२-०७७/३/३१ मिन बहादुर खड्काले दोस्रो चरणको राहतको सामाग्री खरिद तथा क्वारेन्टाइन निर्माणका लागी सामान खरिद गरेको विल भर्पाइ संलग्न गरी रु.१६००००००/- पछ्यौंट गरिएकोमा निम्न व्यहोरा देखियो ।

(क) पेश्की उपलब्ध गराउदा के कुन सामानको लागी के कति फरक आवश्यक छ सो को विवरण संलग्न नगरी पेश्कि उपलब्ध गराएको छ । पेश्की दिदा के कति सामाग्री खरिद गर्ने सो को विवरण मर्मत को आधारमा मात्र पेश्कि दिने व्यवस्था हुनुपर्दछ ।

(ख) आपूर्ति कर्ता गण्डकि सिरक डसना पसलबाट निम्न वमोजिम रु.४२३४६२/- को खरिद सामाग्री कुन कुन क्वारेन्टिनमा वितरण गरेको विवरण संलग्न नभएकोले सामान वितरणको प्रमाण पेश हुनुपर्ने रु — ४२३४६२

सामाज/विवरण	परिमाण	रकम
पि.फोम	४२.४ केजी	१४०३३
हरियो कपडा	२५० मिटर	४१४४५
कम्वल	८० पिस	८१५८६
धुस्सा कम्मल	३७० पिस	२८६३९८
	जम्मा	**४२३४६२**

(ग) राहत विवरणका सामान कपिलबस्तु बाट सिमलटारी सम्म ढुवानी गर्दा ढुवानी भाडा रु.२८८४२०/- खर्च गरेको देखियो । ढुवानी गर्नको लागी सवारी धनि तथा चालक संग कुनै सम्झौता नगरी प्रति क्वीन्टल ३३०/- ले खर्च लेखेको छ । उक्त दरमा खर्च लेखेको आधार प्रमाण संलग्न नगरेकोले प्रमाण पेश हुनुपर्दछ।

चालक /सवारी धनी	परिमाण	भाडा रकम
तेज बहादुर पौड्याल	४७६ क्वीन्टल	१५७०८०
टेक वहादुर खत्रि	३९८ क्वीन्टल	१३१३४०
	जम्मा	**२८८४२०**

(घ)वडाहरुमा विवतरणको लागि सुरेश क्षेत्रीलाई २९ ट्याक्टर विभिन्न मितिमा प्रति टेक्टर ५०००/- का दरले रु.१४५०००/- को भर्पाइ गरि खर्च लेखेकोमा सम्झौता वेगर कुन कुन दिनमा कहा कहा टेक्टर प्रयोग गरेको उल्लेख नगरी खर्च लेखेको ले रु.५०००/- दरमा दिन पाउने आधार प्रमाण संलग्न नगरेकोले प्रमाण पेश हुनुपर्दछ।

अनुसुची १

मालिका गाउँपालिका
सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७६/०७७

(रु. हजारमा)

क्र.स.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
			१	२	३	४	५	६ (२+३+४+५)		८	९	१० (७+८+९)	११ (१+६-१०)
१	मालिका गाउँपालिका	गुल्मी	३४००८	३३१०२२	५०५३७	९४४१	९९५३८	५२४५४६	२५०९२२	१२६१४९	१२७८२९	५०४९००	१९६४६

अनुसुची २

बेरुजु बर्गीकरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क्र.स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजत पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	गुल्मी	मालिका गाउँपालिका	१८०	९७	३७४८५	७	४२	१२५१३	१७३	५५	२४९७२	२३६७	८०७४	१४२५१	०	०	२२३२५	२८०	०	२८०

अनुसुची-३

अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

क्र.स	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	मालिका गाउँपालिका	गुल्मी	१९२९७	२७५५	१६५४२	०	२४९७२	४१५१४